मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ६६ ● २०८० साल माघ ०९ गते मंगलबार ● Tuesday 23, January 2024 ● सूर्योदय: बिहान ६:५५ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## रामजानकी मन्दिरमा प्राण प्रतिष्ठा





वीरगंज महानगरमै अतिक्रमित अर्को सीता माताको मन्दिरसमेत यसै आर्थिक वर्षभित्रै अतिक्रमणमुक्त गर्ने यहाँहरुसँग प्रतिबद्धता गर्दछु ।
**राजेशमान सिंह,**
**नगर प्रमुख, वीरगंज महानगर**



महानगरको कार्यमा काँधमा काँध मिलाएर नगरवासीले साथ दिएका छन् ।
हजारौं हजारको उपस्थितिले काम गर्न थप ऊर्जा मिलेको छ ।
**इम्तियाज आलम,**
**उपप्रमुख, वीरगंज महानगर**

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत, अयोध्यामा नवनिर्मित श्रीराममन्दिरको प्राण प्रतिष्ठाको मुहुर्त पारेर वीरगंजमा पनि सोमबार दशकौंदेखि भूमाफियाले कब्जा गरेको घडिअर्वा पोखरी परिसरनजिकै रहेको रामजानकी मन्दिरमा प्राण प्रतिष्ठा गरिएको छ ।
भारतको अयोध्यामा नवनिर्मित श्रीराममन्दिरमा भगवान श्रीरामको मूर्तिमा प्राण प्रतिष्ठा गरेकै समय पारेर सोमबार दिउँसो १२ः४६ बजे वीरगंजस्थित श्रीरामजानकी मन्दिरमा वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह र पूर्वमन्त्री एवम् सांसद प्रदीप यादवले संयुक्तरुपमा पूजा आराधनासहित भगवान श्रीराम, सीता र हनुमानको मूर्तिको प्राण प्रतिष्ठा गरेका हुन् । यसअघि वीरगंजमा हजारौंको सहभागितामा बाजागाजा, झाँकी जुलुससहित कलश यात्रा निकालिएको थियो ।
नगरका विभिन्न क्षेत्र तथा बारा, पर्साका गाउँगाउँबाट झाँकी जुलुससहित आएका हिन्दू धर्मावलम्बीले जय श्रीराम अंकित झण्डासहित सभ्य र भव्यरुपमा झाँकी प्रदर्शन गर्दा वीरगंज बजार क्षेत्रको ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको थियो । कलश यात्रा र प्राण प्रतिष्ठा सम्पन्न भएसँगै सोमबार साँझ श्रीरामजानकी मन्दिरमा महाआरती गरिएको छ ।
वीरगंजलाई धार्मिक पर्यटनको प्रमुख केन्द्र बनाउने उद्देश्यका साथ नगर क्षेत्रका धार्मिक महत्वका मठमन्दिरलाई वीरगंज महानगरपालिकाले सौन्दर्यकरण गरी आकर्षक रुपमा सजाएको छ ।
वीरगंजको मुख्य बजार क्षेत्रका सडकमा र घरघरमा 'जय श्रीराम' लेखिएको झण्डा र ध्वजापताकाले सजाइएको छ भने श्रीरामजानकी मन्दिरलाई महानगरपालिकाले हालै अतिक्रमणमुक्त गरी मनमोहक रुपमा सौन्दर्यकरणसमेत

बाँकी पृष्ठ २ मा

## सप्तरीमा कृषि विश्वविद्यालय शिलान्यास
# विकासको बाधक कोही बन्नुहुँदैनः यादव



**अनिल पोखरेल**
**राजविराज ।**
पूर्व उपप्रधानमन्त्री एवम् जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले कृषि विश्वविद्यालय शिलान्यास गर्दै कृषि विश्वविद्यालयको समग्र विकासमा सबैलाई आआफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरेका छन् । सप्तरीको राजविराज–१३ स्थित विषहरियामा सोमबार मधेश कृषि विश्वविद्यालय भवन शिलान्यास गर्दै उनले विकासको काममा सबैजना मिलेर अगाडि बढ्नु पर्ने बताए ।
कृषि विश्वविद्यालय शिलान्यास गर्दै पूर्व उपप्रधानमन्त्री यादवले विश्वविद्यालय स्थापनाले सप्तरीबासीलाई मात्र नभएर देशकै विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे । विश्वविद्यालयको पूर्वाधार निर्माण कार्यमा सबैको सहयोग आवश्यक रहेको बताउँदै यादवले विकासको बाधक कोही हुन नहुने उल्लेख गरे । छोटो समय सम्बोधन गरेका यादवले कृषि विश्वविद्यालयको समग्र विकासमा सबैलाई आआफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरे ।
मधेश प्रदेशका मुख्यमन्त्री एवम् विश्वविद्यालयका कुलपति सरोज कुमार यादवले विश्वविद्यालयको परिकल्पनाकार नै जसपा अध्यक्ष उपेन्द्र यादव रहेको जिकिर गरे । उनले कसैले त्यसको जस लिनु खोज्नु दुर्भाग्यपूर्ण भएको सुनाए । पूर्व मुख्यमन्त्री लालबाबु राउतले उपेन्द्र यादवको दूरदर्शिताबाट मधेश प्रदेशको सप्तरी जिल्लामा विश्वविद्यालय स्थापना गर्न सफल भएको बताए । विश्वविद्यालय बन्न नदिने षड्यन्त्र गर्नेहरू मधेशी जनता र मधेशविरोधी रहेको टिप्पणी गर्दै मधेश कृषि विश्वविद्यालय प्रदेशकै गौरव रहेको बताउँदै यसको विकासका लागि कमी आउन नदिने प्रतिबद्धता व्यक्त गरे ।
पूर्व मुख्यमन्त्री राउतको साथ सहयोग पाएकै कारण तत्कालीन सामाजिक विकास मन्त्री नवलकिशोर साह र अर्थमन्त्री शैलेन्द्र प्रसाद साहको समेत ठूलो योगदान रहेको समेत उल्लेख गरिएको थियो । मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले विश्वविद्यालय स्थापनाले सबैभन्दा बढी सप्तरीबासीलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे ।
सप्तरीबासीले घरमै बसेर घरकै अन्नपानी खाएर प्राविधिक शिक्षा लिन सहज भएको बताउँदै मन्त्री न्यौपानेले विश्वविद्यालय स्थापनामा योगदान गरेको भन्दै पूर्व उपप्रधानमन्त्री यादवलाई धन्यवाद व्यक्त गरे । उनले कृषि प्राविधिक उत्पादनसँगै कृषि क्षेत्रको विकासमा सहयोग पुग्ने भएकाले यसको सफलताका लागि सहयोग गर्न सम्पूर्ण सप्तरीबासीलाई आग्रह गरे ।
विश्वविद्यालयका उपकुलपति एवम् मुख्यमन्त्री यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवम् मधेश प्रदेशका पूर्व सामाजिक विकासमन्त्री नवलकिशोर साह, राष्ट्रियसभा सदस्य एवम् पूर्व कृषिमन्त्री मृगेन्द्र कुमार सिंह यादव, पूर्वमन्त्री रेणु यादव, प्रतिनिधिसभा सदस्य रञ्जु ठाकुर, मधेश प्रदेशका अर्थ मन्त्री सञ्जय यादव, खानेपानी मन्त्री सिंहासन सा कलवार, सामाजिक विकास मन्त्री सुरिता साह, पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेशसभा सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि उपस्थित थियो ।
मधेश प्रदेश सरकारले मधेश कृषि विश्वविद्यालय भवनका लागि आर्थिक वर्ष २०७८–७९ मा १ अर्ब ४९ करोड रुपैयाँ बहुवर्षीय योजना शीर्षकमा सुनिश्चित गरेको थियो । सोही अनुरूप भवन निर्माणका लागि गत आर्थिक वर्षमा ३९ करोड रुपैयाँ पठाइएको छ भने चालु आर्थिक वर्षमा ३० करोड रुपैयाँ विनियोजन गरिएको छ ।
विश्वविद्यालयको २६ बिघा आठ कठ्ठा १८ धुर जग्गामा प्रशासनिक, शैक्षिक र प्रयोगशाला गरी १२ वटा भवन निर्माणका लागि एक अर्ब रुपैयाँमा ठेक्का बन्दोबस्त गरिएको विश्वविद्यालयका रजिष्ट्रार श्री भगवान ठाकुरले जानकारी दिए ।
मन्त्री तथा सहकुलपति प्रहरीबाटै पिटिए
प्रहरीको लाठी प्रहारबाट मधेश

बाँकी पृष्ठ २ मा




शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश

## तस्करको नियन्त्रणमा बरिष्ठ हवल्दार

*नेपाल भारत सिमा क्षेत्र भन्दा करिब दुई सय मिटरभित्र भारतीय बजारमा गएर तस्करसँग कमिसन बार्गेनिङ गरिरहेको अवस्थामा विवाद भएपछि तस्करले घेरेर बरिष्ठ हवल्दार छविलाल साहलाई भारतीय सुरक्षाकर्मीको जिम्मा लगाएको प्रहरी स्रोतको भनाई छ ।*

**एसपी गौरव**
**सर्लाही ।**
नेपाल प्रहरीका एकजना बरिष्ठ हवल्दारलाई हतियारसहित भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत प्रहरी बरिष्ठ हवल्दार छविलाल साहलाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरेको हो । उनी जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रवीण धितालका प्रमुख घुमुवा रहेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत बरिष्ठ हवल्दार साहलाई भारतीय सुरक्षाकर्मीले आइतबार बिहान ९ बजे पर्सा गाउँपालिकास्थित नारायणपुर नाकाबाट चिनियाँ पेस्तोलसहित नियन्त्रणमा लिएका थिए ।
नेपाल भारत खुला सिमा नाका प्रयोग गर्दै तस्कर भेट्न बरिष्ठ हवल्दार साह गएको समयमा तस्करसँग विवाद भएपछि तस्करले नै नियन्त्रणमा लिएर भारतीय सुरक्षाकर्मीलाई बुझाएका हुन् ।
प्रहरी बरिष्ठ हवल्दार साह जिल्ला प्रहरी कार्यालय सर्लाहीको सम्पर्कमा रहेको र बाँकी विषयमा बुझ्ने काम भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रहरी प्रवक्ता एवम प्रहरी निरीक्षक ओम प्रकाश यादवले बताए । तर नेपाल भारत सिमा क्षेत्र भन्दा करिब दुई सय मिटरभित्र भारतीय बजारमा गएर तस्करसँग कमिसन बार्गेनिङ गरिरहेको अवस्थामा विवाद भएपछि तस्करले घेरेर बरिष्ठ हवल्दार साहलाई भारतीय सुरक्षाकर्मीको जिम्मा लगाएको प्रहरी स्रोतको भनाई छ ।
त्यसपछि भारतीय सुरक्षाकर्मीले जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई खबर गरेपछि माथि खबर नगर्नु भन्दै समन्वय गरी जिल्ला प्रहरी कार्यालय सर्लाहीका बरिष्ठ सई अरुण यादव गएर बरिष्ठ हवल्दार साहलाई नेपाल ल्याइएको प्रहरी स्रोतको दाबी छ । प्रहरी बरिष्ठ हवल्दार साह जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक धितालका विश्वास पात्र र विशेष घुमुवा हुन् । तनहुँबाट सर्लाही सरुवा भएर आएका प्रहरी बरिष्ठ हवल्दार साह पटकपटक सर्लाही आउनु र घुमुवा नै बस्नुमा प्रहरी उपरीक्षकहरुको समेत विशेष संरक्षणहात रहेको सहजै आंकलन गर्न सकिन्छ ।

**को हुन प्रहरी बरिष्ठ हवल्दार साह ?**

जिल्ला प्रहरी कार्यालय सर्लाहीमा पटकपटक आएका र प्रहरी संगठनकै बद्नाम गराउने गरी घुमुवा बसेर कमिसन असुल्ने कार्यमा संलग्न प्रहरी बरिष्ठ हवल्दार साहको घर रौहतट, मौलापुर हो । उनी पटकपटक गरी योसहित तीनपटक अन्यन्त्र सरुवा भएको भए पनि सर्लाही आउन र घुमुवा बस्न सफल प्रहरी कर्माचारी हुन् ।
छोटो समयमै तीनपटक जिल्ला प्रहरी कार्यालय सर्लाही आई घुमुवा बस्न सफल उनलाई कसले संरक्षण गरेको हो भन्ने विषयमा प्रष्ट नभए पनि हाल जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक धिताल तत्कालीन अवस्थामा धनुषामा प्रहरी नायव उपरीक्षक हुँदा प्रहरी बरिष्ठ हवल्दार साह जवान थिए । सो समयदेखि नै उनीहरु बीच राम्रो सम्बन्ध रहेको र उनकै कारण पुनः सर्लाही आएर घुमुवा बसेर कमिसन असुलीमा लागेको प्रहरी स्रोतको दाबी छ ।
तत्कालीन प्रहरी प्रमुख आइजिपी ठाकुर ज्ञवालीसँग राम्रो सम्बन्ध रहेका बरिष्ठ हवल्दार साह सई बच्चु राउत कुर्मी, सई तिलधारी साह, सई मोहन राउत, असई प्रमोद यादव, असई मनोज यादव र असई राम नरेश साह तेलीसँग बसेर घुमुवा बनी असुली चलाएको एक प्रहरी अधिकारीले बताए । जसमध्ये असई राम नरेश साह तेली हाल बर्खास्त भएका छन् भने असई मनोज यादव निलम्बनमा परेका छन् भने प्रहरी बरिष्ठ हबल्दार साह ५ वर्ष धनुषा, केही वर्ष महोत्तरी र अहिले सर्लाहीमा घुमुवा बसेका छन् ।
सर्लाहीको पर्साबाट अर्काकी श्रीमती र छोराछोरीसहित दोस्रो बिहे गरेका प्रहरी बरिष्ठ हवल्दार साहलाई तत्कालीन प्रहरी प्रमुख आइजिपी शैलेन्द्र खनालले कारबाहीका लागि प्रहरी प्रधान कार्यालय तानेर ग्रेड घटाएर पहाडी जिल्लामा दरबन्दी बनाई पठाएका भए पनि उनी विभिन्न माथिल्ला निकायबाटै आशीर्वाद पाएर पटकपटक सर्लाही आई घुमुवा बस्न सफल व्यक्ति हुन् । पहिलो विवाह गरिसकेका प्रहरी बरिष्ठ हवल्दार साहले सर्लाहीको पर्साबाट अर्काकी श्रीमती र छोराछोरीसहित लिएर वीरगंजमा कोठा खोजेर राखेका थिए तर अहिले उनीहरुलाई जनकपुरमा कोठा खोजेर राखिएको छ ।करिब दुई महिना पहिला तनहुँबाट जिल्ला प्रहरी कार्यालय सर्लाही सरुवा भएर आएका प्रहरी बरिष्ठ हवल्दार साह आएलगत्तै जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक धिताललाई खुसी पारेर घुमुवा बस्न सफल भएका हुन् ।

# फारम भरेका सेवाग्राहीलाई लाइसेन्स दिन प्रधानमन्त्रीको निर्देशन



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सवारी चालक अनुमति पत्र (लाइसेन्स) कुरेर बसेका सेवाग्राहीलाई तत्काल उपलब्ध गराउन निर्देशन दिएका छन् । सोमबार दिउँसो सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सवारी चालक परिचयपत्र, राष्ट्रिय परिचयपत्र र राहदानीसँग सम्बन्धित विषयमा भएको एकीकृत छलफलमा प्रधानमन्त्रीले १४ लाख सेवाग्राहीलाई तत्काल लाइसेन्स उपलब्ध गराउन निर्देशन दिएका हुन् । सवारी चालक अनुमतिपत्र फाराम भरेर परीक्षासमेत उत्तीर्ण गरिसक्दा पनि लाइसेन्स नपाउनु गम्भीर विषय भएको बताउँदै यातायात व्यवस्था विभागलई तत्काल लाइसेन्स उपलब्ध गराउन प्रधानमन्त्रीले सचेत गराए । प्रधानमन्त्रीले दाहालले भने, 'अहिलेको समयमा सूचना–प्रविधि महत्वपूर्ण छ । हामीले इन्टिग्रिटेड प्रविधिमा केन्द्रित भएर परिणाम दिनसक्नुपर्छ । त्यसका लागि राज्यका संयन्त्रबीच समन्वय जरुरी छ ।'

प्रधानमन्त्री दाहालले आफूले सेवा प्रदायक कार्यालयमा लाग्ने गरेको लामो लाइन हटाउन प्रतिबद्धता गरेको स्मरण गर्दै एक वर्षमा देखिने गरी सुधार भए पनि पूरै सुधार नभएको बताए । उनले त्यसलाई गम्भीर रूपमा ध्यान दिन र सेवाप्रदायक कार्यालयको कार्यक्षमता बढाउन निर्देशन दिए । 'सोर्सकोड हाम्रो आफ्नै कहिलेदेखि हुन्छ भन्ने विषयमा सबैले गम्भीर भएर सोचौँ', प्रधानमन्त्रीले भने, 'स–साना प्राविधिक समस्या सुल्झाउन पनि विदेशीहरू नै बोलाउनुपर्ने स्थिति छ । रातरात सबै कुरा परिवर्तन सकिँदैन, योजनावद्ध काम गर्दा क्रमशः बदल्न सकिन्छ ।' यसका लागि दक्षजनशक्ति आफै उत्पादन गर्न सकिने उनको भनाइ थियो । बैठकमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सेवाप्रदायक कार्यालयले उच्च प्रविधिको प्रयोगमार्फत शीघ्र सेवाप्रवाह गर्न प्रधानमन्त्रीले चासो दिनुभएको निर्देशनलाई गम्भीर रूपमा लिई कार्यसम्पादन गर्न निर्देशन दिए ।

मुख्यसचिव डा बैकुण्ठ अर्यालले एकीकृत डाटा प्रणालीका लागि सेवाप्रदायक परामर्शदातासँग अन्तरक्रिया आवश्यक रहेको बताउँदै विद्यमान तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरी सकेसम्म छिटो, प्रभावकारी र एकीकृत सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए । राहदानीका लागि जनशक्ति कम हुँदा सेवा प्रभावित भइरहेको बताउँदै मुख्यसचिव अर्यालले संगठन तथा व्यवस्थापन सर्भे प्रक्रिया अगाडि बढाउन विभागलाई निर्देशित गरे । बैठकमा निर्देशकहरूले राष्ट्रिय परिचयपत्र, राहदानी र सवारी चालक अनुमतिपत्रको वर्तमान अवस्था, सेवाप्रदायक कार्यालयका समस्या र आगामी कार्ययोजनाबारे प्रधानमन्त्रीलाई ब्रिफिङ गरेका थिए ।

त्यस अवसरमा यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले अर्को हप्तादेखि लाइसेन्स छपाइको प्रक्रिया अगाडि बढ्ने बताउँदै नयाँ छपाइको प्रक्रियाका लागि टेन्डर प्रक्रियाको अध्ययन भइरहेको बताए । उनले विभागको कामकारवाहीमा पारदर्शिताको विषयलाई लिएर प्रश्न उठेकोमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत प्रत्यक्ष सहभागितामा छानविन भइरहेको जानकारी दिए ।

राहदानी विभागका महानिर्देशक लक्ष्मण खनालले दसैँयता राहदानी विभागमा सेवाग्राहीको भीड नरहेको बताउँदै रातिसम्म काम गरेर सिफ्ट प्रणालीमा द्रूत सेवामा सेवा प्रवाह भइरहेको बताए । उनले जिल्ला प्रशासन कार्यालयलगायत ९४ वटा सरकारी निकायबाट राहदानीसम्बन्धी काम भइरहेको जानकारी दिँदै जिल्ला प्रशासन कार्यालयका राहदानी शाखालाई थप व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कटेलले राष्ट्रिय परिचयपत्र वितरणमा प्रगति भएको बताउँदै एकीकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरेर लैजानुपर्ने बताए ।

बैठकमा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा बैकुण्ठ अर्याल, गृहसचिव दिनेश भट्टराई, भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा लगायत सम्बन्धित विभागका महानिर्देशकहरू लगायतका अधिकारीको उपस्थिती थियो ।

# पार्टीमा एकताको विकल्प छैनः देउवा




**रासस**
**पर्वत ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र एकता कायम गर्नुको विकल्प नभएको बताएका छन् । नेपाली कांग्रेस पर्वतको दोस्रो जिल्ला सम्मेलनलाई सोमबार पर्वत सदरमुकाम कुश्माबजारमा सम्बोधन गर्दै सभापति देउवाले कांग्रेसका नेता कार्यकर्ताबीच मेलमिलाप हुन आवश्यक रहेको बताए । नेता तथा कार्यकर्ता एकजुट भएमात्र पार्टी बलियो हुने उनको भनाइ थियो । ठूलो त्याग र बलिदानपछि आज नेपाली कांग्रेस मुलुकको पहिलो शक्ति बनेको बताउँदै देउवाले एकताबद्ध कांग्रेसलाई कुनै शक्तिले पनि हराउन नसक्ने बताए ।

ठूलो दलमा सबैले एकैपटक नेतृत्व पाउन मुस्किल हुने बताउँदै सभापति देउवाले भने, 'निरन्तर लाग्ने नेताहरु अवसरवाट वञ्चित हुन पर्दैन ।' उनले कांग्रेसलाई बलियो बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिए । उनले भने, 'अहिलेको अवस्थामा हाम्रा साथीहरुबीच मेलमिलाप हुन जरुरी छ । अधिवेशनमा प्रतिस्पर्धा हुन्छ, जित र हार हुन्छ । आज जित्नेले पनि भोलि सधैँ जितिरहन्छ भन्ने हुँदैन । जित्नेले हार्ने साथीसँग सहयोग लिने, हार्नेले जित्नेलाई सहयोग गरेको खण्डमा अहिले आपसमा रहेको समस्यालाई भोलिका दिन मेलमिलाप गर्न सहयोग पुग्नेछ ।' देउवाले कांग्रेसले नेतृत्वदायी भूमिकामा बसेर नेपाललाई समावेशी समानुपातिक व्यवस्था र लोकतान्त्रिक व्यवस्था नेपालमा स्थापित गरेको बताउँदै यो व्यवस्थाका कारण आदिवासी जनजाति, अपाङ्गता भएकाको प्रतिनिधित्व हुने अवस्था आएको बताए ।

सभापति देउवाले तत्कालका लागि गठबन्धनको विकल्प समेत नरहेको बताए । मुलुकको समस्या समाधानका लागि अहिले गठबन्धनलाई निरन्तरता दिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्वमहामन्त्री शशाङ्क कोइरालाले नेपाली कांग्रेस सहभागी भएको वर्तमान सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिन सक्नुपर्नेमा जोड दिए । मुलुकमा देखिएको भ्रष्टाचार र महँगीलाई हटाउँदै जनतालाई राहतको अनुभूति दिन सकेमा मात्र पार्टीसमेत बलियो हुँदै जाने उनको भनाइ छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्र भण्डारीले आफूले अवसर नपाउँदैमा पार्टी कमजोर बनाउन नहुने बताए । उनले दिनदिनै युवा विदेशिएको भन्दै यस्तो अवस्थाको अन्त्य हुनुपर्ने धारणा राखे । कार्यक्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कांग्रेस केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, किरण पौडेल, शारदा पौडेल, उर्मिला थपलियालगायतले सम्बोधन गरेका थिए ।

# सप्तरीमा कृषि विश्वविद्यालय शिलान्यास...

प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवको टाउको फुटेको छ । प्रहरीको लाठीचार्जबाट शिक्षामन्त्री यादव, सतिश कुमार सिंह, भाग्यश्री चौधरी, रञ्जु खंग, ऋषिकेश ठाकुरलगायतका जनमत पार्टीका नेता तथा कार्यकर्ता घाइते भएका छन् । मन्त्री यादव कृषि विश्वविद्यालयमा सहकुलपति पनि हुन् ।

जसपाका अध्यक्ष उपेन्द्र यादवले गर्ने राजविराज–१३ स्थित विषहरियामा मधेश प्रदेश कृषि विश्वविद्यालयको शिलान्यास कार्यक्रमको विरोध गर्न पुगेका मन्त्री यादवमाथि प्रहरीले लाठी प्रहार गरेको हो । शिक्षा मन्त्रीसमेतलाई वेवास्ता गरी राखिएको शिलान्यास कार्यक्रमको जनमत पार्टीले विरोध गर्दै आएको छ ।

यसअघि ऐन नियम मिचेर मधेश प्रदेश कृषि विश्वविद्यालयले विभिन्न गतिविधि अघि बढाएको तथा व्यापक अनियमितता र भ्रष्टाचार गरेको भन्दै आइतबार जनमत पार्टीका स्थानीय नेता तथा कार्यकर्ताले विश्वविद्यालयमा तालाबन्दी गरेका थिए । मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री यादवले जबर्जस्ती विश्वविद्यालय शिलान्यास गरे त्यसबाट उत्पन्न हुनसक्ने अप्रिय घटनाको सम्पूर्ण जिम्मेवार उपकुलपति र रजिष्ट्रार नै हुने भनी आइतबार साँझ नै प्रेस विज्ञप्तिमार्फत सबैको ध्यानाकर्षण गराएका थिए । उनले प्रेस विज्ञप्तिमा शिक्षा मन्त्रीको हैसियतले आफू विश्वविद्यालयको सिनेटको अध्यक्ष हुँदाहुँदै पनि शिलान्यासबारे कुनै जानकारी नदिएको उल्लेख गरेका थिए ।

स्वास्थ्यलाभको कामना

पूर्व सिँचाइमन्त्री उमेश कुमार यादवले मधेश प्रदेशका मन्त्री महेश प्रसाद यादव तथा प्रदेश सभा सदस्य सतिश सिंहलगायतका माथि बल प्रयोगको घटना निन्दनीय बताएको बताउँदै शिघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । 'निर्वाचनमा हारजित हुन्छ नै जितमा मातिने, हारमा कुण्ठित हुने रोगबाट बच्न जरुरी छ । निर्वाचन ताकाको तुस त्यागेर समग्र सप्तरीको हितमा एक जुट बनौँ,' उनल भनेका छन ।

मधेश कृषि विश्वविद्यालय शिलान्यास कार्यक्रम सफल भएकामा धन्यवाद दिँदै कार्यक्रममा आमन्त्रण गर्नुपर्ने कतिपय व्यक्तित्वलाई जानेर आमन्त्रण नगर्नु र प्रदेश सरकारको कार्यक्रमलाई जसपाको भ्रातृसंगठनको कार्यक्रम जस्तो गर्नु नैतिक, नीतिगत र राजनीतिकरूपमा बेइमानी भएको यादवको तर्क छ ।

मधेब कृषि विश्वविद्यालयको योजना ल्याउन उपेन्द्र यादवको प्रमुख भूमिका रहेको कुरामा शंका नरहेको र पार्टीका तर्फबाट तत्कालीन मुख्यमन्त्री लालबाबु राउत, मन्त्रीद्वय रामबाबु साह, शैलेन्द्र साहको योगदानलाई हृदयले सम्मान गर्ने यादवले बताए । उनले यसको अर्थ मधेश कृषि विश्वविद्यालयलाई जसपाको भ्रातृसंगठन बनाउने काम भने स्वीकार्न नसकिने बताए ।

एक घण्टा चक्काजाम

जनमत पार्टीका नेताकार्यकर्ताद्वारा पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको रुपनीमा सोमबार साँझ १ घण्टासम्म चक्काजाम भएको छ । जनमत पार्टीका नेताकार्यकर्तामाथि प्रहरीद्वारा सोमबार गरिएको कुटपिटविरुद्ध उनीहरुले साँझ साढे ६ बजेदेखि साढे ७ बजेसम्म सडक अवरुद्ध गरेका हुन् । जनमत कार्यकर्ताहरु टायर बालेर सडकमा उत्रिएपछि सैयौँ सवारीसाधन रोकिएका थिए ।

# त्रिविद्वारा शैक्षिक क्यालेन्डर सार्वजनिक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले चालु शैक्षिक सत्र २०८० का लागि 'शैक्षिक क्यालेन्डर' सार्वजनिक गरेको छ । त्रिवि परीक्षा सुधार तथा समन्वय परिषद्ले स्नातक तहको चार वर्षे वार्षिक प्रणाली र आठ सेमेष्टर प्रणाली तथा स्नातकोत्तर तहको चार सेमेष्टर प्रणालीको शैक्षिक क्यालेन्डर सार्वजनिक गरेको हो । सम्बन्धित सङ्काय र अध्ययन संस्थानका डीन बसेर शैक्षिक क्यालेन्डर बनाइएको परिषद्का सदस्य सचिव एवं परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिए । उनका अनुसार वार्षिक प्रणालीअन्तर्गत चार वर्षका लागि पहिलो वर्षको परीक्षा विसं २०८१ भदौको दोस्रो साता, दोस्रो वर्षको भर्ना २०८१ असोजको दोस्रो साता र परीक्षा २०८२ असारको दोस्रो साता तोकिएको छ । त्यस्तै तेस्रो वर्षको भर्ना २०८२ असारको दोस्रो साता, परीक्षा २०८३ जेठ दोस्रो साता, चौथो वर्षको भर्ना २०८३ असार दोस्रो साता र परीक्षा २०८४ वैशाख दोस्रो साता तोकिएको छ । यसैगरी स्नातक तहको सेमेष्टर प्रणाली अन्तर्गत पहिलो सेमेष्टरको परीक्षा २०८१ वैशाखमा, दोस्रो सेमेष्टरको २०८१ असोज, तेस्रो सेमेष्टरको २०८१ चैत, चौथो सेमेष्टरको २०८२ भदौ÷असोजमा तोकिएको छ ।

स्नातक तर्फको पाँचौ सेमेष्टरको २०८२ चैतमा, छैटौँ सेमेष्टरको २०८३ असोज, सातौँ सेमेष्टरको २०८३ चैत र आठौँ सेमेष्टरको २०८४ असोजमा तोकिएको छ ।

स्नातकोत्तर तर्फको प्रथम सेमेष्टरको परीक्षा २०८१ असार, दोस्रो सेमेष्टरको २०८१ माघ, तेस्रो सेमेष्टरको २०८२ असार र चौथो सेमेष्टरको २०८२ पुसमा तोकिएको परीक्षा नियन्त्रक जोशीले बताउनु भयो । सेमेष्टर र वार्षिक प्रणालीमा एक सय दिनभित्र नतिजा निकाल्ने गर्ने गरी तयारी गरिएको छ ।

# एसईई परीक्षा चैत १५ गतेदेखि




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)को तालिका सार्वजनिक गरेको छ ।
तालिका अनुसार आगामी चैत १५ गते अनिवार्य अङ्ग्रेजी, दोस्रो दिन १६ गते अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ । चैत १८ गते अनिवार्य गणित र २० गते अनिवार्य विज्ञान विषयको परीक्षा हुनेछ । परीक्षा चैत १५ देखि २७ गतेसम्म सञ्चालन हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म चल्ने छ । यस वर्षको परीक्षामा हरेक विषयमा सैद्धान्तिकमा ३५ प्रतिशत अर्थात् २७ अङ्क ल्याउनै पर्ने व्यवस्था लागु हुदैछ । बोर्डले तयार गरेको प्रश्न पत्रको आधारमा परीक्षाको व्यवस्थापन प्रदेश स्तरबाट हुने भएको छ । बोर्डका अध्यक्ष डा महाश्रम शर्माका अनुसार फागु पर्व सकिएपछि परीक्षा गर्ने गरी निर्णय गरिएको हो । यस वर्ष चैत ११ र १२ गते होली परेको छ ।
बोर्डको वार्षिक कार्यतालिकाअनुसार चैत पहिलो साता परीक्षा सुरु गर्नुपर्ने थियो । यो वर्षको एसइई परीक्षा दिन ४ लाख ८९ हजार ४४४ जनाले रजिष्ट्रेसन फाराम भरेका छन् । तीमध्ये २ लाख ४६ हजार ४ जना छात्र र २ लाख ४३ हजार ४४० जना छात्रा रहेका छन् । सरकार, संघीय संसद् र शैक्षिक जगतमा माध्यमिक शिक्षा परीक्षा(एसइई)ले निरन्तरता पाउने नपाउनेबारे बहस भइरहँदा राष्ट्रिय परीक्षा बोर्डले परीक्षा (एसइई)को तालिका सार्वजनिक गरेको हो । बोर्डका अध्यक्ष शर्माले सकेसम्म परम्परागत समय तालिका भन्दा छिटो परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न तथा परीक्षा प्रणालीमा सुधार गर्न बोर्ड लागिपरेको बताए । राष्ट्रिय परीक्षा बोर्डले भने ढुक्क भएर परीक्षाको तयारी गर्न विद्यार्थीहरूलाई आग्रह गरेको छ ।

# सबै कम्युनिष्ट दलबीच एकता जरुरीः गुरुङ

**रासस**
**हेटौँडा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देव गुरुङले सबै कम्युनिष्ट पार्टीबीच एकता भएमात्र देशको समृद्धि सुनिश्चित हुने धारणा राखेका छन् ।
पूर्वपिएलए मकवानपुरको आयोजनामा सोमबार झुरझुरेमा भएको कार्यक्रममा उनले छिट्टै माओवादीबाट टुक्रिएका दलहरु एक हुने बताए । सबै कम्युनिष्ट पार्टी एउटै झण्डामुनी उभिनुपर्ने अवस्था आएको उनको भनाइ थियो ।
उनले जनयुद्धका क्रममा लिइएको परिवर्तनको सपना पूरा गर्न अझै बाँकी रहेको बताउँदै भने, 'शान्ति सम्झौतापछिको १८ वर्षमा हामीले व्यवस्था परिवर्तन गर्न सक्यौँ तर अवस्था परिवर्तन गर्न बाँकी छ, शान्ति सम्झौता अझ टुङ्गोमा पुगेको छैन यो पनि बाँकी छ ।' उनले शान्ति सम्झौता टुङ्गोमा नपुगेकाले समय–समयमा समस्या आइरहेको बताए । महासचिव गुरुङले जनयुद्धका क्रममा झुरझुरेमा अन्तिम युद्ध भएको स्मरण गर्दै यस स्थललाई युद्धपार्क बनाएकामा बागमती गाउँपालिकालाई धन्यवाद दिए । उनले पार्कको व्यवस्थापनमा ध्यान दिएर सङ्ग्रहालय बनाउन सुझाव दिए । बागमती प्रदेश सरकार सामाजिक विकासमन्त्री कुमारी मोक्तानले रगतसँग साटेर ल्याएको व्यवस्था जनताका लागि भएको भन्दै जनताको अवस्था बदल्न सरकार प्रयासरत रहेको बताइन् । उनले युवा, महिला, घाइतेलगायतका लागि बागमती प्रदेश सरकारले कार्यक्रम सञ्चालन गरिरहेको बताइन् ।

# रामजानकी मन्दिरमा प्राण...

गरेको छ । प्राण प्रतिष्ठाका अवसरमा सोमबार साँझ माईस्थान मन्दिरमा १ लाख दियो प्रज्वलित गरिएको तथा वीरगंजकै नगवा बाइपासमा रहेको बैष्णोदेवी मन्दिरमा समेत ५१ हजार दियो बालिएको नगर प्रमुख सिंहले बताए ।
वीरगंजमा श्रीराम भगवानको घरघरमा पूजा आराधना र दीपावलीसमेत भएको छ । वीरगंजका विभिन्न स्थानमा साँझ आतिसबाजी गरिएको छ । नगर क्षेत्रका सम्पूर्ण मठमन्दिरमा पूजा आराधना धुमधामका साथ भएको छ भने भगवान श्रीरामको आस्थामा वीरगंज श्रीराममय भएको छ । वीरगंजको घडिअर्वा परिसरमा मनमोहकरुपमा आतिसबाजीका साथै भारतको कोलकाताबाट आएका रामलिला नाट्य समूहको बेजोड प्रस्तुति तथा नृत्यले हजारौँ भक्तजनको ध्यान खिचेको थियो । सिमावर्ती भारतीय सहर रक्सौलमा पनि रामलला प्राण प्रतिष्ठाका अवसरमा हर्षोल्लासका साथ दीपावली र आतिसबाजी गरिएको थियो ।
रामजानकी मन्दिरको पूजा आराधना, कलाकारको प्रस्तुति, दीपावली, महाआरतीलगायतका सम्पूर्ण गतिविधिको वीरगंज टेलिभिजनले प्रत्यक्ष प्रशारण गरेपछि मन्दिर परिसरमा जान नपाएका सर्वसाधारणले घरमै बसेर महाआरतीलगायतको गतिविधि हेरेका थिए ।
भगवान श्रीरामको पूजा आराधनाका लागि वीरगंज महानगरपालिकासहित पर्साको बहुदरमाई नगरपालिका, जगरनाथपुर, धोबिनी, कालिकामाई, पटेर्वासुगौली लगायतका गाउँपालिकाले सार्वजनिक सूचना नै जारी गरेर माछा, मासु र मदिरा बिक्रीवितरण र सेवनमा प्रतिबन्ध लगाएका थिए ।
यसैबीच बाराको विश्रामपुरस्थित रामजानकी मन्दिर परिसरमा 'राम राज्यके साथ हि सत्ययुगकी ओर चले' कार्यक्रम भएको छ । घरघर र टोलटोलमा राम राज्य स्थापना गरी सत्य युगको आगमन होस् भन्ने कामना साथ डा.सन्तोष साहद्वारा कार्यक्रम गरिएको हो । कार्यक्रममा विश्रामपुरका हजारौँको सहभागिता थियो ।
यता, वीरगंजकै गहवामाई मन्दिरमा उद्योगमन्त्री रमेश रिजालले पूजापाठ गर्दै १ लाख दियो बालेका थिए ।

# मधेश सरकारले जंगलराजको अभ्यास गर्दैछः साह



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मधेशी नेताहरुको गद्दारीले मधेश उजाड भएको टिप्पणी गरेका छन् । आजपा सप्तरी जिल्ला कमिटीले सोमाबर राजविराजमा आयोजना गरेको बैंकिंग तथा वित्तीय संस्थाको ठगी तथा लुटको विरुद्ध अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले बाहिर पहाडिया जनता प्रति घृणा देखाउने र भित्र पहाडिया नेताहरुको चाकडी गर्ने मधेशी नेताहरुको गद्दारीका कारण मधेश उजाड बन्दै गएको बताएका हुन् । मधेशी दलका केही स्वार्थी नेताहरुले व्यक्तिगत लाभका लागि सामाजिक सम्बन्धलाई अस्वस्थ बनाएको बताउँदै उनले पहाडी शासकहरुसँग मिलेर मधेशको उद्योग व्यापारको आधार र स्रोतलाई समेत ध्वस्त बनाएको आरोप लगाए । मधेश सरकारले जंगलराजको अभ्यास गरिरहेको आरोप लगाउँदै साहले सेवा दिने संस्थाहरु शिक्षा र स्वास्थ्य समेतलाई व्यापार बनाएको बताए ।
प्रदेश सरकारले मधेशको पूर्वाधार एवम् सम्पदाहरुलाई दोहन गर्ने काम गरिरहेको उनको भनाइ थियो । अध्यक्ष साहले मधेश सरकार भ्रष्टाचारमा डुबेको बताउँदै विकास आयोजनादेखि हरेक काम कारबाहीमा मधेश सरकार भ्रष्टाचारको हिस्सा बनिरहेको आरोप लगाए । उनले बजेटको दुरुपयोग भइरहेकोप्रति सरकारका साथै मधेशमा सक्रिय दलहरुसमेत मौन बस्नुले गम्भीर प्रश्न उत्पन्न भएको बताए । साहले कन्सल्टेंटको नाम राखेर बजेट बनाउने काम भइरहेको भन्दै कतिपय स्थानमा बजेट पठाउँदा व्यक्तिको नाम तोकेर बजेट पठाउने गरेको भन्दै आपत्ति जनाए । व्यक्तिगत लाभको लागि कर्मचारीलाई कुटने, डराउने र निरीह बनाउने कार्य समेत मधेश सरकारले गरिरहेको भन्दै स्वार्थ केन्द्रित कानुन नियम बनाउने कामको उनले विरोध समेत गरे । उनले कमिशन लिएर अनुदान दिने, बजेटको खुलेआम बिक्री वितरण गर्ने र नस्ल र जातको आधारमा पक्षपात गर्ने काम भइरहेको भन्दै आलोचना गरे । अध्यक्ष साहले अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै बैंकहरुको लुटधन्दा विरुद्धको आन्दोलन कडा हुने बताए । बैंकहरुले लिने मनोमानी ब्याज फिर्ता गर्नुपर्ने बताउँदै सर्वसधारणलाई ठगे ठगहरुलाई नछोड्ने चेतावनी समेत दिए । बैंकहरुले मनोमानी लिइरहेको ब्याज फिर्ता गर्नुपर्ने, लघुवित तथा सहकारीबाट लिएको कर्जा फिर्ता हुनुपर्ने र सर्वसधारण नागरिकले सहजरुपमा कर्जा नपाएसम्म आन्दोलनका विभिन्न कार्यक्रम जारी रहने अध्यक्ष साहले चेतावनी दिए । आजपा मधेस प्रदेश कमिटी र बैंक तथा वितिय पीडित संघर्ष समितिले ११ माघमा मधेस बन्दको गर्ने घोषणा गरेको छ ।

# राममय बन्यो रौतहट



**मधेशदृष्टि**
**रौतहट ।**
भारतका अयोध्यास्थित भगवान रामको नवनिर्मित मन्दिरको प्राण प्रतिष्ठाकाको अवसरमा रौतहट राममय बनेको थियो । जिल्लाको अधिकांश पालिकामा प्राण प्रतिष्ठा भएकाले सिंगो जिल्लाने रामामय बनेको थियो । रौतहटको सदरमुकाम गौर, कटहरिया, देवाही गानाही, गरुडा, मौलापुर, फतुवा विजयपुर, गढिमाई, गुजरा, चन्द्रपुर, विन्दावन, माधोपुर, बौधिमाई, नगरपालिक लगायत जिल्लाको १८ वटै पालिकामा हर्षोल्लास र भक्तीका साथ भगवान रामको पूजा आराधना गरिएको छ । साथै सोमवार साँझ घर घरमा दीप प्रज्वलन गरिएको थियो । विभिन्न कार्यक्रम गरी भव्य रुपले भगवान् राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा झ्यालीसहित मठ मन्दिरमा पूजा पाठ, यज्ञ, हवन, अष्टिजामलगायत धार्मिक कार्यको आयोजना गरी मनाईएको छ । कटहरियामा सोमबार बिहानैदेखि राम मन्दिरदेखि गाउँ बजारमा गरी कहटरियाको लालबकैयाबाट जल बोकेर मठमा कलशालाई राखी पूजापाठ गरिएको छ । कटहरिया गाउँ बजारसहित बलिरामपुर, बहादुरपुरका भक्तजनहरुले विभिन्न बजागाजा सहित 'जय श्री राम, जय जय श्री राम' को नाराहरु घन्काउदै मोटरसाइकल झ्याली निकालिएको थियो । सोमबार साँझ कटहरियासहित देशभरी दीप प्रज्वलित गरिएको थियो भने रौतहटका विभिन्न स्थानमा पूजापाठ, यज्ञ, हवन, अष्टिजामलगायत धार्मिक कार्यको आयोजना गरिएको थियो ।

## फतुवा विजयपुरमा आईटी आर्मीको तालिम



रौतहटको फतुवा विजयपुर नगरपालिका वडा नं ५ सन्तपुर दोस्तीयामा आईटी आर्मीको वडा स्तरीय तालिम सम्पन तथा वडा नं ४ टेंगहाको वडा कमिटी गठन गरिएको छ ।
आम जनता पार्टीका नगर अध्यक्ष एवम् मेयर प्रत्यासी विजय यादवको सभापतित्वमा १०१ सदस्यीय वडा कमिटी गठन गरेको हो । भेलाले वडा कमिटी अध्यक्षमा रामसोगाराथ यादव, उपाध्यक्ष हरिशंकर साह, उपाध्यक्ष पवन यादव, सचिव रामटहल पासवान, सहसचिव रामविनय पासवान रहेको नगर ईन्चार्ज रामशरण यादवले बताए ।

# प्रधानमन्त्री कप क्रिकेटः मधेशद्वारा सुदूरपश्चिम पराजित

**रासस**
**काठमाडौं ।**
प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा मधेशले सुदूरपश्चिमलाई ८० रनले पराजित गर्यो । प्रतियोगितामा सुदूरपश्चिमको यो पहिलो हार हो । जितसँगै प्रतियोगितामा चौथो जित हासिल गरेको मधेशले आठ अङ्क जोडेको छ । छ खेलमा आठ अङ्क जोड्दै मधेश प्रदेश तालिकाको तेस्रो स्थानमा छ । त्यस्तै चार खेलमा तीन जित र एक खेलमा हार बेहोर्दै सुदूरपश्चिम ६ अङ्कका साथ अङ्क तालिकाको चौथो स्थानमा छ । मधेश प्रदेशले प्रस्तुत गरेको तीन सय २० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ४४ दशमलव ५ ओभरमा सबै विकेट गुमाउदै दुई सय ३९ रनमा समेटियो । सुदूरपश्चिमका लागि नरेन भट्टले एक सय २२ बलमा १३ चौका र एक छक्काको मद्दतमा एक सय २१ रन बनाए । यसैगरी नारायण जोशीले २६, किरण ठगुन्नाले २०, नरेन साउदले १८, खडक बोहराले १४ तथा गजेन्द्र बोहराले १२ रन बनाए । मधेशका लागि राजेश यादव र प्रदीप पासवानले समान तीन विकेट लिए भने रञ्जित कुमारले दुई तथा कप्तान हरिशङ्कर शाह र पवन सराफले समान एक एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मधेश प्रदेशले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै तीन सय १९ रन बनाएको थियो । मधेशका लागि मायन यादवले एक सय २८ बलमा आठ चौका र दुई छक्काको सहयोगमा एक सय १५ रनको योगदान दिए । त्यसैगरी पवन सर्राफले ६३ बलमा चार चौका र चार छक्काको मद्दतमा ७० रन बनाए । अनिल शाहले ७० बलमा ६ चौका र दुई छक्काको मद्दतले ६९ रनको योगदान गरे । रुपेश सिंहले २१, अविशेक तिवारीले १६ तथा हरिशंकर शाहले १४ रन बनाए । सुदूरपश्चिमका लागि शेर मल्लले चार विकेट लिए भने विकाश आग्रीले दुई तथा नारायण जोशी र गजेन्द्र बोहराले समान एक एक विकेट हात पारे ।






# त्रिभुवननगर–दुम्जा जोड्ने सडकको स्थलगत अवलोकन



**एसपी गौरव**
**सर्लाही ।**
सर्लाहीको ब्रम्हपुरी गाउँपालिकास्थित त्रिभुवननगरदेखि सिन्धुलीको सुनकोसी गाउँपालिकास्थित दुम्जा जोड्ने रणनीतिक सडक योजनाको सम्भाव्यता अध्ययनका लागि जनप्रतिनिधिहरुले स्थलगत अवलोकन भ्रमण गरेका छन् । नेपाल सरकारका खानेपानी मन्त्री महेन्द्र राय यादवसहित ब्रम्हपुरी र चन्द्रनगर गाउँपालिका, इश्वरपुर र लालबन्दी नगरपालिकाका साथै सिन्धुलीको मरिण गाउँपालिकाका जनप्रतिनिधिहरुसहित सडक विभागको टोलीले सडक योजनाको सम्भाव्यता अध्ययनका लागि स्थलगत अवलोकन भ्रमण गरेका लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले जानकारी दिए । उनका अनुसार त्रिभुवननगर हुँदै लालबन्दीबाट वीपी लोकमार्गको दुम्जा जोड्ने सडक ७० किलोमिटर सडकको खानेपानी मन्त्री यादव, पूर्व राज्यमन्त्री शम्भुलाल श्रेष्ठ, प्रदेश सभा सदस्य बेची लुंगेली, लालबन्दी नगरपालिका प्रमुख बासुदेव अधिकारी, उपप्रमुख कल्पना पाख्रिनलगायत विभिन्न पालिकाका जनप्रतिनिधि, स्थानीय, राजनैतिक दलका नेता, उद्योगी–व्यापारीहरुको सहभागिता रहेको थियो । भारतीय सीमा त्रिभुवननगरदेखि सिन्धुलीको दुम्जा जोड्ने करिब ७० किलोमिटर सडक योजनाको सम्भाव्यता अध्ययन अन्तर्गत स्थलगत अवलोकन गरिएको र यो सडक निर्माण भएपछि काठमाडौं जान आउन सर्लाहीवासीलाई सहज हुने लालबन्दी नगरपालिकाकी नगर उप प्रमुख कल्पना माया पाख्रिडले बताइन् । सर्लाहीको लालबन्दी बजार आउन सिन्धुलीको मरिण क्षेत्रका स्थानीयलाई सहज हुनुका साथै व्यापारीक दृष्टिकोणले निकै सहज हुनेछ । त्रिभुवननगरदेखि लालबन्दी हुँदै सिन्धुलीको मरिणसम्म सडक निर्माण भईसकेको छ भने मरिणबाट सुनकोसी गाउँपालिकाको दुम्जासम्म सडक निर्माण हुने खानेपानी मन्त्री यादवले बताए । हाल सर्लाहीको त्रिभुवननगरदेखि लालबन्दीसम्म पक्की सडक निर्माण भई सकेको छ भने लालबन्दीदेखि सिन्धुलीको मरिण सम्म खोलैखोला कच्ची सडक पुगेको छ ।

# अयोध्याको झल्को दिनेगरी मटिहानीमै राम सीताको मूर्ति

**रासस**
**महोत्तरी ।**
आफ्ना नगरवासीलाई अयोध्याको झलक दिन मटिहानी नगरपालिकाले काठबाट २५ फिट अग्लो श्रीराम र सीताको मूर्ति बनाएको छ । अयोध्याको नवनिर्मित राममन्दिरमा बालस्वरूप श्रीरामको प्रतिमा स्थापित गरेर प्राणप्रतिष्ठा कार्यक्रमकै अनुशरण गर्दै नगरपालिकाले २५ फिट अग्लो काठको मूर्ति (प्रतिमा) तयार गरेको हो । निर्मित प्रतिमा महोत्तरी जिल्लाको मटिहानी–७ स्थित श्री लक्ष्मीनारायण मठ परिसरमा स्थापित गरिएको छ । लक्ष्मीनारायण मठ मुलुकका सबै मठको नायक मानिन्छ । श्रीरामको बालरुप प्रतिमा सोमबार अयोध्यामा निर्मित राममन्दिरमा प्राणप्रतिष्ठा भएको कार्यक्रमको झलक दिनेगरी लक्ष्मीनारायण मठमा प्रतिमा स्थापित गरेर प्राणप्रतिष्ठा गरिएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए । 'स्थापित परम्पराअनुसार धार्मिक विधिका साथ मठमा श्रीराम र जानकीको प्रतिमा स्थापित गरेर प्राणप्रतिष्ठा गरी पूजाअर्चना गरिएको हो', नगरप्रमुख मण्डलले भने । अहिले जतातातै बन्दै गएको श्रीराममय परिवेशको साक्षात अनुभूति नगरवासीलाई गराउन प्रतिमा बनाएर स्थापित गरिएको उनको भनाइ थियो ।



लक्ष्मीसागर तलाउ अघि त्रेतायुगमा श्रीराम र सीताको विवाहमा यज्ञ वेदी बनाउन माटो खनिएको पवित्रस्थल मानिन्छ । सोमबार साँझ लक्ष्मीनारायण मठमा महाआरती र सांस्कृतिक उत्सवका कार्यक्रम आयोजना गरिएको छ । यो धार्मिक समारोहका लागि मटिहानीस्थित लक्ष्मीनारायण मठ परिसर, लक्ष्मीसागर र वरपर दुलही झैँ सिँगारिएको थियो । शिल्पकार राजु लालले १५ दिन लगाएर प्रतिमा कुँदेका हुन् । प्रतिमा बनाउन काठका २० वटा प्लाई (फलेक) प्रयोग भएका उनले बताए । आइतबार जलेश्वर, मटिहानी र मनराशिशवा नगरपालिकाले आआफ्ना नगरक्षेत्रमा नगर शोभायात्रा गरेका र सोमबार जलेश्वरस्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा विशेष पूजाअर्चनाका कार्यक्रम भएको हो । श्रीरामलीलाको प्रतिमा प्राणप्रतिष्ठाको उत्सव मनाउन मनराशिशवा नगरपालिकाले सोमबार सार्वजनिक बिदा दिएको थियो ।

# बिन्दबासिनी गाउँपालिका र रेडक्रसबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**
विरामीलाई निःशुल्क रगत उपलब्ध गराउन बिन्दबासिनी गाउँपालिका र रेडक्रसबीच सम्झौता भएको छ । बिन्दबासिनी गाउँपालिकाकाले गाउँबासीलाई निःशुल्क रगत उपलब्ध गराउने भएको छ । रगत आवश्यक पर्ने गाउँपालिकाका विरामीलाई निःशुल्क रगत उपलब्ध गराउन बिन्दबासिनी गाउँपालिकाको कार्यालय र नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाबीच आइतबार सम्झौता पत्रमा हस्ताक्षर भएको छ । बिन्दबासिनी गाउँपालिकाका प्रमुख प्रमोद तिवारी र नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सौरभ राज पाण्डेबीच भएको सम्झौतामा रगत आवश्यक पर्ने गाउँबासीलाई रेडक्रसद्वारा सञ्चालित रक्त सञ्चार सेवा पर्साबाट रगत उपलब्ध गराइने छ । बिन्दबासिनी गाउँपालिका प्रमुख तिवारीले निर्वाचनमा उम्मेदवार हुँदाका बखत गरेको चुनावी प्रतिबद्धता र गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भएको 'अध्यक्ष स्वास्थ्य सहायता कार्यक्रम' अन्तरगत गाउँवासीलाई निःशुल्क रगत उपलब्ध गराउने सम्झौता भएको बताए । निःशुल्क रगत पाउनका लागि आफूँ यसै गाउँपालिकाको भएको प्रमाण खुल्ने नागरिकता, मतदाता परिचय पत्र, सवारी चालक अनुमति पत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि पेस गर्नुपर्ने सम्झौतामा उल्लेख छ । गाउँपालिकाको कार्यालयमा भएको सम्झौता कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, लेखा प्रमुख मिथलेश कुशवाहा लगायतको उपस्थिति रहेको थियो ।

मेरो धर्म सामान्य छ, सबैप्रति दयावान दर्शाउनु नै मेरो धर्म हो।

–दलाइ लामा।

## सम्पादकीय

### श्रीराम उत्सव र मधेश

*२२ जनवरी अर्थात् सोमबार भारत, अयोध्यामा भगवान रामको प्रतीमाको प्राणप्रतिष्ठा भएको छ । अहिले अयोध्या र उत्तर प्रदेशमात्रै होइन, पूरै भारत तथा राममय भइरहँदा यसको भने आफ्नै बलिदानी र संघर्षको कथा छ । लामो समय मुस्लिम र हिन्दू दुवै धर्मको दाबीका कारण अयोध्या विवादित बन्यो । यो विवादको इतिहास ४ सय ९१ वर्ष पुरानो थियो । सन् १९४९ को डिसेम्बर २३ को बिहानको कथा हो, राम जन्मभूमिका चौकीदार अब्दुल बरकतले घण्टको चर्को आवाज र भजन सुनेपछि उनमा कौतुहलता जाग्यो । बाबरी मस्जिदतर्फ जाँदा चम्किलो प्रकाश देखेर छक्क परे । ४–५ वर्षको भगवानजस्तै देखिने सुन्दर बालकको चित्र अवलोकन गरे । मस्जिदभित्र सिंहासनमा राखिएको रामको मूर्तिको आरती गरिरहेका हिन्दूको भिड देखे । ४–५ वर्षका ती बालक राम भगवान थिए । राम प्रकट हुनु राम जन्मभूमि र बाबरी मस्जिद विवादको ४ सय ९१ वर्षको इतिहासको सबैभन्दा महत्वपूर्ण घटना बनेको थियो । मुस्लिमहरूले रामको त्यो मूर्तिको चमत्कारमाथि प्रश्न उठाए अनि अयोध्याको हनुमानगढी मन्दिरका महन्त अभिराम दासमाथि ९ इन्चको मूर्ति राखेको आरोप लगाए ।*

*यो विवाद बढ्दै गयो । सन् १९५० मा अदालतको ढोका ढकढक्याउने काम भयो । त्यसपछि १९५९ मा निर्मोही अखडाका प्रतिनिधि अदालत पुगे । सन् १९६१ मा सुन्नी सेन्ट्रल वक्फ बोर्डले मस्जिद र त्यस आसपासको चिहानमाथि दाबी ग¥यो । त्यसपछि १९८९ को जुलाईमा राम जन्मभूमिले मस्जिद हटाउने माग राख्दै विवादित जमिन फिर्ता माग्यो । इलाहाबाद उच्च अदालतले रामललाको दाबीलाई आंशिक रूपमा स्वीकार ग¥यो । निर्मोही अखडा र सुन्नी सेन्ट्रल वक्फ बोर्डलाई २ दशमलव ७७ एकड जमिनको एक तिहाइ दिनु अघि धेरै वर्ष बिताइदियो । अन्ततः सर्वोच्च अदालतले सन् २०१९ को नोभेम्बर ९ मा आफ्नो फैसलामा सम्पूर्ण जग्गा राम जन्मभूमिलाई दियो । यो ठाउँलाई 'रामको जन्मस्थल' भनेर अदालतले मान्यता दियो । यो विषयले लामो समय विवाद भयो । भारतीय जनता पार्टीले यसलाई आफ्नो मुद्दा बनाइरह्यो कुनै बेला यही विवादमा एकै समय २ हजार भन्दा बढीको ज्यान गएको थियो ।*

*अन्ततः सोमबार रामललाको प्राण प्रतिष्ठा भयो । यसले सिंगो विश्वभरका हिन्दूको शक्ति पनि प्रदर्शन भएको छ । हिन्दूजनको मानवसागरले विश्वको ध्यान केन्द्रित गरेको छ । यसको असर नेपालमा पनि परेको छ । अझ मधेश प्रदेशमा त मिथिला सभ्यता र संस्कृतिसँग जोडिएको विषय भएका मधेशका थुप्रै स्थानीय तहले सार्वजनिक बिदा नै दिए । मधेश प्रदेश सरकारले दीपोस्तव गर्न आग्रह गरेको थियो । वीरगंजमा पनि ७५ वर्ष भन्दा बढी कब्जा गरेर व्यक्ति अधिनमा राखेको मन्दिरलाई वीरगंज महानगरले व्यवस्थापन गरेर रामजानकी मन्दिरमा प्राण प्रतिष्ठा गरेको छ । मधेश श्रीराममय बनेको छ । अन्ततः हिन्दू मानवसागर श्रीरामका नाममा एकपटक फेरि विश्वभर एकठ्ठा भएका छन् । यसले दिने सन्देश हो, सत्यको ढिलोचाँडो जित हुन्छ । मधेशमा देखिएको उत्साहले भन्छन्, 'यो मिथिला सभ्यता र जानकी मातासँग जोडिएको विषय भएकाले उत्साह स्वाभाविक हो ।'*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com


## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# ४९१ वर्ष विवाद र राम मन्दिर



२२ जनवरी अर्थात् सोमबार भारतको इतिहासको पानामा नयाँ आयाम थपिएको छ। वर्षौंको संघर्ष र बलिदानपछि अयोध्यामा भगवान रामको प्रतीमाको प्राणप्रतिष्ठा भएको छ । अहिले अयोध्या र उत्तर प्रदेशमात्रै होइन, पूरै भारत राममय भएको छ । मुस्लिम र हिन्दू दुवै धर्मको दाबीका कारण अयोध्या सधैँ विवादित रहँदै आएको थियो। यो विवादको इतिहास ४ सय ९१ वर्ष पुरानो छ।

सन् १९४९ को डिसेम्बर २३ को बिहान राम जन्मभूमिका चौकीदार अब्दुल बरकतले घण्टको चर्को आवाज र भजन सुने। उनी स्वतस्फूर्त रुपमा बाबरी मस्जिदतर्फ तानिए। त्यहाँ उनले चम्किलो प्रकाश देखे । चमकसँगै उनले ४–५ वर्षको भगवानजस्तै देखिने सुन्दर बालकको चित्र देखे। मस्जिदभित्र सिंहासनमा राखिएको रामको मूर्तिको आरती गरिरहेका हिन्दूहरुको भिड पनि देखे। ४–५ वर्षका ती बालक राम भगवान थिए। राम प्रकट हुनु राम जन्मभूमि र बाबरी मस्जिद विवादको ४ सय ९१ वर्षको इतिहासको सबैभन्दा महत्वपूर्ण घटना साबित भयो।



त्यसपछि मुस्लिमहरूले रामको त्यो मूर्तिको चमत्कारमाथि प्रश्न उठाए अनि अयोध्याको हनुमानगढी मन्दिरका महन्त अभिराम दासमाथि ९ इन्चको मूर्ति राखेको आरोप लगाए । जिल्ला मजिस्ट्रेट केके नायर र सिटी मजिस्ट्रेट गुरु दत्त सिंहलाई मूर्ति हटाउन भनियो । तर उनीहरूले प्रधानमन्त्री जवाहरलाल नेहरू र उत्तर प्रदेशका मुख्यमन्त्री जीबी पन्तलगायत उच्च अधिकारीहरूको अवज्ञा गरे । राज्य सरकारले त्यसपछि



मस्जिद बन्द गरिदियो। हिन्दूहरुलाई बाहिरबाटै रामको पूजा गर्न अनुमति दिइयो।

त्यसपछि मुद्दा मामिलाको एउटा शृंखला सुरु भयो। हिन्दू पक्षबाट दिगम्बर अखडाका प्रतिनिधिहरू सन् १९५० मा अदालतको ढोका ढकढक्याउन पुगे। त्यसपछि १९५९ मा निर्मोही अखडाका प्रतिनिधि अदालत पुगे। सन् १९६१ मा सुन्नी सेन्ट्रल वक्फ बोर्डले मस्जिद र त्यस आसपासको चिहानमाथि दाबी ग¥यो। त्यसपछि १९८९ को जुलाईमा राम जन्मभूमिले मस्जिद हटाउने माग राख्दै विवादित जमिन फिर्ता माग्यो। इलाहाबाद उच्च अदालतले रामललाको दाबीलाई आंशिक रूपमा स्वीकार ग¥यो। निर्मोही अखडा र सुन्नी सेन्ट्रल वक्फ बोर्डलाई २ दशमलव ७७ एकड जमिनको एक तिहाइ दिनु अघि धेरै वर्ष बिताइदियो।

अन्ततः सर्वोच्च अदालतले सन् २०१९ को नोभेम्बर ९ मा आफ्नो फैसलामा सम्पूर्ण जग्गा राम जन्मभूमिलाई दियो। यो ठाउँलाई 'रामको जन्मस्थल' भनेर अदालतले मान्यता दियो।

### १३९ वर्षअघि सुरु विवाद

निर्मोही अखडाका महन्त रघुवर दासले सन् १८८५ को जनवरी १५ मा जमिनको आंशिक दाबा फिर्ता लिन पहिलो मुद्दा दायर गरेका थिए। उनी मस्जिद अगाडि राम चबुतरा नामक चौकीमा एउटा मण्डप बनाउन चाहन्थे। तर उपन्यायाधीश हरकिशन सिंहले तनाव बढाउन सक्ने भन्दै उनको निवेदन खारेज गरिदिए। जिल्ला न्यायाधीश कर्णेल एफईए चमियरको मनमा भने हिन्दुहरुप्रति अलि बढी सहानुभूति थियो। हिन्दूहरुको पवित्र स्थलमा मस्जिद बनेको उनले स्वीकार गरेका थिए तर यथास्थिति कायम राख्दै उनले ३ सय ५० वर्षअघि भएको गल्ती सच्याउन निकै ढिलो भइसकेको बताए।

### १६ औं शताब्दीमा भएको विवाद

तीन गुम्बज भएको बाबरी मस्जिद सन् १५२८ मा बनेको थियो। मुगल सम्राट बाबरका सेनापति मीर बाकीले भगवान रामको जन्मस्थल रहेको मन्दिर भत्काएको मानिन्छ। त्यसबेलादेखि हिन्दूहरूले त्यो भूमि फिर्ता लिन खोजिरहेका थिए। सम्राट अकबरको पालामा उनको लागि राम चबुतरा बनाइएको थियो, तर उनका नाति औरंगजेबको शासनकालमा यो विवाद झनै बढ्यो। केही स्रोतका अनुसार गुरु गोविन्द सिंहको सेना पनि रामजन्मभूमिलाई मुक्त गर्न युद्धमा सामेल भएको थियो। अवधका अन्तिम नवाब वाजिद अली शाहको नेतृत्वमा ब्रिटेन निवासी मेजर जेम्स आउटरामले मस्जिदमा साम्प्रदायिक संघर्षको सूचना दिए। त्यसैले १८५९ मा, जब भारत ब्रिटिश राजको अधिनमा आयो, अदालतले मस्जिदको भित्री प्राङ्गण मुस्लिमहरूलाई र चबुतर भएको बाहिरी चोक हिन्दूहरूलाई हस्तान्तरण गरिदियो।

### १९८० को दशक र हिन्दुत्वको उदय

सोमबार राम मन्दिरको अभिषेक हुँदा दशकौँदेखि बाबरी मस्जिदभित्र राखिएको रामको पुरानो मूर्ति पनि ठूलो र नयाँ मूर्तिको साथमा मन्दिरको गर्भ गृहमा विराजमान भएको छ। बाबरी मस्जिद भत्काएपछि पुरानो मूर्तिलाई लामो समय अस्थायी त्रिपालको मन्दिरमा राखिएको थियो। ४० वर्षको सङ्घर्षको परिणतीको प्रतीक बनेको छ जनवरी २२।

भारतको हिन्दूवादी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को शाखा विश्व हिन्दू परिषद सन् १९६४ मा गठन भएको थियो। तर यसको एजेन्डामा सन् १९८० को दशकको सुरुमा मात्रै राम मन्दिर आएको हो। सन् १९८४ को जनवरीमा आरएसएसका प्रमुख बालासाहेब देवरसले प्रयागराज माघ मेलामा एक संघ शिविरमा उपस्थितहरूलाई राम जन्मभूमि कहिलेसम्म बन्द रहनेछ भनेर सोधेका थिए। तीन महिनापछि दिल्लीमा आयोजित एक धर्म संसदमा भाग लिएका सांसदहरुले राम जन्मभूमि मुक्तिको मुद्दा उठाए। सोही वर्ष राम जन्मभूमि मुुक्ति यज्ञ समिति गठन गरियो अनि अयोध्याको सरयूदेखि लखनउसम्म धर्म यात्राका क्रममा उत्तर भारत, महाराष्ट्र र गुजरातका हिन्दूहरुलाई सामूहिक रुपमा मन्दिरको मुद्दाको विषयमा जानकारी गराइयो।

### आन्दोलनमा भाजपाको संलग्नता

सन् १९८६ को फेब्रुअरी १ मा फैजाबाद जिल्लाका न्यायाधीश केएम पान्डेले वकिल उमेशचन्द्र पाण्डेको याचिकामा विवादित ठाउँको ताला हिन्दूहरुको पूजाका लागि खोल्न अनुमति दिए। यो आदेश आएको ४० मिनेटभित्रै नगर प्रमुखले ताल्चा खोले । हाशिम अन्सारीले आफूहरुको भनाइ सुन्दै नसुनी आदेश पारित गरिएको भन्दै मुस्लिम पक्षको तर्फबाट निर्णयलाई चुनौती दिए। फेब्रुअरी ६ मा बाबरी मस्जिद एक्सन कमिटी गठन भयो र मेलमिलापको सम्भावना कम भयो। त्यतिन्जेल विश्व हिन्दू परिषदले मन्दिर आन्दोलनको नेतृत्व गरिरहेको थियो। १९८९ को जुनमा पालमपुर सम्मेलनमा भाजपाले राम मन्दिर आन्दोलनमा सामेल हुने घोषणा ग¥यो। अदालतले विश्वास र आस्थाको विषयलाई तय गर्न नसक्ने भाजपाको भनाइ थियो। त्यो वर्षपछि लोकसभा चुनाव नजिकिँदै गर्दा, राजीव गान्धी नेतृत्वको कांग्रेस सरकारले पनि विश्व हिन्दू परिषदलाई विवादित स्थल नजिकै शिलान्याश गर्ने अनुमति दिएर हिन्दूहरूलाई रिझाउने कोसिस ग¥यो।

भाजपाले मन्दिरको लहरको फाइदा उठायो। मन्दिरको निर्माण सुरु गर्न विश्व हिन्दू परिषद्ले सन् १९९० को अक्टोबर ३० को मिति तय ग¥यो। त्यतिबेला भाजपाका अध्यक्ष लालकृष्ण आडवाणीले सोमनाथदेखि अयोध्यासम्म पदयात्राको नेतृत्व गरेर समर्थन जुटाए। तर संरचना भत्काउनु एक साताअघि बिहारका तत्कालीन मुख्यमन्त्री लालुप्रसादले उनको यात्रालाई समस्तीपुरमा रोकिदिए। उत्तर प्रदेशका तत्कालीन मुख्यमन्त्री मुलायम सिंह यादव पनि कार सेवकहरूलाई रोक्न अडिग थिए। एउटा चरा पनि मर्दैन भन्दै उनले दाबी गरेका थिए। तर अक्टोबर ३० र नोभेम्बर २ मा उत्तर प्रदेश पुलिस फायरिङमा १७ कार सेवक मारिएको खबर आयो। यो घटनाले पछि सन् १९९१ मा उत्तर प्रदेशमा भाजपा नेतृत्वमा पहिलो सरकार बनाउन सहयोग ग¥यो। मुख्यमन्त्री कल्याण सिंहको नेतृत्वमा भाजपाले विवादास्पद स्थान वरपर मन्दिर बनाउन २.७७ एकड जमिन अधिग्रहण ग¥यो। यसपछि रामजन्मभूमि ट्रस्टलाई ४२ एकड जग्गा पनि दिइयो।

### १९९२ को कालो दिन

सन् १९९२ को डिसेम्बर ६ मा कार सेवा पुनः सुरु गरिने तय गरियो। कल्याण सिंह सरकारले सर्वोच्च अदालतमा एक याचिका दायर ग¥यो जसमा विवादित जग्गामा स्थायी निर्माण नहुने भनिएको थियो। तर त्यस दिन १ लाख ५० हजार कार सेवकहरूले बाबरी मस्जिद भत्काइदिए। देशभर साम्प्रदायिक दङ्गा फैलियो। यस क्रममा २ हजारभन्दा धेरैको ज्यान गयो।

केन्द्र सरकारले प्रदेश सरकारलाई बर्खास्त गर्ने र उत्तर प्रदेशमा राष्ट्रपति शासन लागु गर्नुअघि कल्याण सिंहले राजीनामा दिए। त्यसपछि भाजपाले केन्द्र सरकारमा आफ्नो जनादेश नहुँदासम्म २ दशकभन्दा बढी समयसम्म मन्दिरको मुद्दालाई जीवित राख्यो। सन् २०१९ मा सर्वोच्च अदालतले अनुकूल फैसला सुनाउँदासम्म नरेन्द्र मोदी ठूलो जनादेशका साथ दोस्रो पटक प्रधानमन्त्री बनेका थिए। उत्तर प्रदेशमा योगी आदित्यनाथ मुख्यमन्त्री थिए। योगीको गोरखपुर पीठ तीन पुस्ता यता मन्दिर आन्दोलनसँग आबद्ध थियो।

(नवभारत टाइम्सबाट अनुवादित)

# राष्ट्रिय सभा सदस्य निर्वाचनको प्रचारप्रसार गर्न निषेध

**मधेशदृष्टि**
**वीरगंज ।**
निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन अन्तर्गत सोमबार राती १२ बजेपछि मतदान कार्य समाप्त नहुन्जेलसम्म निर्वाचनको प्रचारप्रसारमा रोक लगाएको छ ।

निर्वाचनलाई स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न निर्वाचन आयोगले सोमबार रातीदेखि निर्वाचनको प्रचारप्रसारमा रोक लगाएको हो । आयोगका अनुसार राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भातृ सङ्गठन तथा आचारसंहिता पालना गर्नुपर्ने अन्य व्यक्ति, संस्था वा निकायले निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाउनेछैनन् ।

त्यस्तै कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न वा गराउन पाउने छैनन् । त्यस्तै राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि आवश्यक सुरक्षा व्यवस्था सहितको तयारी कार्य पुरा भएको पनि निर्वाचन आयोगले जनाएको छ ।

यस निर्वाचनमा निर्वाचक मण्डलको सदस्य रहेका प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखलाई मतदाताको रूपमा उक्त दिन बिहान ९ बजेदेखि अपराह्न ३ बजेसम्म सम्बन्धित प्रदेशको तोकिएका मतदान स्थल तथा मतदान केन्द्रहरूमा मतदान गर्ने व्यवस्था मिलाइएको आयोगको भनाइ छ । राष्ट्रिय सभा निर्वाचनका लागि दुईवटा फरक मतपत्रको व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा प्रदेश सभाका सदस्यहरूका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखहरूका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्रहरूको व्यवस्था गरिएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । राष्ट्रियसभाका १९ सदस्यको पद आगामी फागुन २१ गतेदेखि सकिँदैछ । कार्यकाल सकिनु एक महिनाअघि निर्वाचन गरिनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

# व्यवसाय फस्टाउन बजारीकरण अपरिहार्यः मन्त्री

**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले कुनै पनि व्यवसाय फस्टाउनका लागि बजारीकरण आवश्यक रहेको बताइन् । रेडियो र टेलिभिजनको व्यवसाय प्रवर्द्धनमा संलग्न जनशक्तिका लागि विज्ञापन बोर्डले सोमबार यहाँ आयोजना गरेको क्षमता विकास कार्यक्रममा उनले आजको युग बजारीकरणको भएको बताउँदै जुनसुकै व्यवसाय बजारीकरणबिना फस्टाउन नसक्ने उल्लेख गरिन् । मन्त्री शर्माले भनिन्, 'व्यवसाय फस्टाउनका लागि बढी व्यावसायिक र सीपयुक्त बनाउन आवश्यक छ । यो कार्यक्रमले बजारीकरणमा काम गर्नेलाई थप प्रोत्साहन गर्ने विश्वास छ ।' रेडियो र टेलिभिजन तुलनात्मक बढी प्रभावकारी सञ्चारमाध्यम भएको उल्लेख गर्दै उनले यसबाट प्रसारित हुने सामग्रीको विषयका बारेमा ध्यान पुयाउन आग्रह गरिन् ।

'कहिलेकाहीँ विज्ञापन प्रसारण गर्दा पनि संविधान र प्रचलित कानुनको प्रावधानविपरीत हुने गरेको पाइएकाले त्यसमा पनि ध्यान पुर्याउनुपर्छ । बहुविवाह र छुवाछुतविरुद्ध सकारात्मक सन्देश प्रवाह हुने उद्देश्यले प्रसारण गरेका सामग्रीले पनि कसैको भावनामा चोट पुर्याउन हुँदैन', मन्त्री शर्माले भनिन् । विज्ञापनमा हुने चुहावट नियन्त्रणका लागि विज्ञापन नियमावली संशोधन गरिएको जानकारी गराउँदै मन्त्री शर्माले अब यस क्षेत्रमा विज्ञापन एजेन्सीले १५ प्रतिशत मात्र शुल्क लिन पाउने व्यवस्था गरिएको जानकारी दिइन् । उनले आथिक मन्दीको प्रभाव विज्ञापन क्षेत्रमा पनि परेकाले विज्ञापनबापत कम रकम पाउँदा सञ्चारमाध्यमले श्रमजीवी पत्रकार र कामदारको पारिश्रमिक दिन नसकेको गुनासो सुनिएको सन्दर्भमा यसले केही हदसम्म समस्या समाधान गर्ने विश्वास व्यक्त गरिन् ।

मन्त्री शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि ठूलो सङ्घर्ष गरेका मिडियाको प्रवर्द्धन गर्न सरकारले आवश्यक पहल गरिरहेकोसमेत बताइन् ।

कार्यक्रममा बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन बजार नियमनका लागि बोर्डले विभिन्न काम गरिरहेको जानकारी गराउँदै आगामी फागुनदेखि बोर्डबाट पारित गरेरमात्र विज्ञापन प्रसारण गर्न पाइने व्यवस्था गर्न लागिएको बताए ।

नेपाल विज्ञापन सङ्घका अध्यक्ष सुदीप थापाले विज्ञापन बजार खुम्चिएकाबेला हरेक सञ्चारमाध्यमले एकअर्काको अस्तित्व स्वीकार गरेर काम गर्दामात्र सञ्चार उद्योग जोगिने धारणा व्यक्त गरे । बोर्डका सदस्य चेतन अधिकारीले हालसम्म समाचारमा संलग्न जनशक्तिका लागिमात्र विभिन्न कार्यक्रम हुने गरेको अवस्थामा बोर्डले व्यस्थापनमा संलग्न जनशक्तिलाई लक्षित गरी यो कार्यक्रम गरेको बताए । दुई दिनसम्म हुने उक्त कार्यक्रममा विभिन्न सञ्चारमाध्यमको व्यवस्थापन र बजार क्षेत्रमा कार्यरत व्यक्तिको सहभागिता छ ।

# पुराना आयोजना सम्पन्न गर्न प्राथमिकता दिन्छौँः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवका आयोजना लगायतका मुख्य आयोजनालाई समयमै सम्पन्न गर्नेगरी नीति तथा कार्यक्रममा व्यवस्था र बजेटमा यथोचित प्राथमिकता दिइने बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको 'एक्सन रूम'बाट सिक्टा सिँचाइ आयोजना र महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) को अनुगमन गर्दै प्रधानमन्त्रीले सो कुरा बताएका हुन् ।



आयोजनाको भर्चुअल अनुगमन गर्दै प्रधानमन्त्रीले भने, 'वार्षिक बजेटको ठीक ढङ्गले प्राथमिकीकरण हुन नसक्दा राष्ट्रिय गौरवका आयोजना र अन्य महत्त्वपूर्ण आयोजना नराम्रोसँग प्रभावित हुने गरेका छन् । पर्याप्त बजेटको व्यवस्था नहुँदा गुणस्तरीय काम हुन नसक्नुका साथै भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक नहुने अवस्था छ । यसले आयोजनाको समय लम्बिँदै जाने र लागत पनि बढ्दै जाने अवस्था छ । यसपटक यो बेथितिको अन्त्य गर्नैपर्छ ।' अनुगमनमा प्रधानमन्त्रीले नीतिगत समस्या र बजेटको अभावलाई सरकारले सम्बोधन गर्ने बताउँदै आयोजनास्थलमा परिणाममुखी काम गर्न आयोजना प्रमुखलाई निर्देशित गरे । प्रधानमन्त्रीले भने, 'नीतिगत गाँठो र बजेटको समस्या हामी फुकाउँछौँ । फिल्डमा तपाईंहरू काम गर्नुस् । पटकपटक आयोजनाको म्याद थप्ने र थप दायित्व सिर्जना गर्ने काम नगर्नुस् । यो कुरालाई गम्भीरतापूर्वक लिएर काम गर्नुहोला ।' सो क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले अर्थतन्त्रमा सुधार आएकाले निर्माण व्यवसायीको भुक्तानीमा सहजता आएको जनाउँदै अब आयोजनाको भौतिक एवं वित्तीय प्रगतिले गति लिने बताए । एक्सन रूमको अनुगमनमा प्रधानमन्त्री र ऊर्जामन्त्रीसँगै सरकारका मुख्यसचिव डा वैकुण्ठ अर्याल, मन्त्रालयका जलस्रोत तथा सिँचाइतर्फका सचिव सुशीलचन्द्र तिवारी, प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्याल, मणिराम गेलाललगायत आयोजना प्रमुख उपस्थित थिए ।

**स्रोतको अभाव नभए आयोजनाले गति लिन्छ**

अनुगमनका क्रममा सिक्टा सिँचाइ आयोजनाका प्रमुख देवराज निरौलाले वित्तीय स्रोतको सङ्कुचनका कारण आयोजनाको प्रगति उत्साहवद्र्धक नभएको भन्दै स्रोतको अभाव नभए आयोजनाले गति लिने बताए । बाँके जिल्लाको सिँचाइलाई लक्षित गरी अगाडि सारिएको आयोजनाले ४२ हजार ७६६ हेक्टर जमिन सिँचाइ हुने जनाउँदै आयोजना प्रमुख निरौलाले आयोजनाको वित्तीय प्रगति ४० प्रतिशत रहेको र मुआब्जाका निम्ति स्रोतको व्यवस्था आवश्यक रहेको बताए । निरौलाले सिक्टा सिँचाइ आयोजनामा पूर्वी र पश्चिमी नहरमा समानान्तररूपमा काम भइरहेको, आयोजनाको अवधि लम्बिँदा वित्तीय दायित्व थपिँदै गएको बताउँदै निर्धारित समयमा नै निर्माण सम्पन्न गर्नेगरी आफूहरू क्यालेन्डर बनाएर काम गर्ने जानकारी दिए । आयोजनाको उपलब्धितर्फ पुलसहितको तीन सय १७ मिटर लामो ब्यारेज सम्पन्न भएको, ४५ दशमलव २५ किमी लामो पश्चिम मूल नहर सम्पन्न भएको, पूर्वी मूल नहरको चैनेज ३७ दशमलव ६७५ सम्म नहर निर्माण सम्पन्न भएको, पश्चिमतर्फका शाखाहरूको करिब ५५ प्रतिशत निर्माण सम्पन्न भएको बताउँदै निरौलाले आगामी दिनमा आयोजना निर्माणको गति बढाइने जानकारी दिए ।

# कोशीमा एमाले र राप्रपाबीच चुनावी तालमेल

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय सभा निर्वाचनका लागि कोशी प्रदेशमा नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बीच चुनावी तालमेल गर्ने सहमति भएको छ । कोशी प्रदेशमा नेकपा एमाले र राप्रपाले एकअर्काका उम्मेद्वारलाई सहयोग गर्ने सहमति भएको हो । महिला र अन्यमा उम्मेदवारी दिएका एकअर्का पार्टीका उम्मेदवारलाई एमालेकी रूक्मिणी कोइराला र राप्रपाका उद्धव पौडेललाई साझा उम्मेदवार बनाएर जाने सहमति भएको हो । राष्ट्रिय सभा निर्वाचनमा एमाले र राप्रपाबीच तालमेलको सहमति अघि केन्द्रीय तहमै छलफल गरेको र सोही अनुसार तालमेलको निर्णय गरिएको नेताहरूले बताएका छन् । कोशीमा एमालेले भोजपुरका परशुराम अधिकारी र सुनसरीकी रूक्मिणी कोइरालालाई उम्मेदवार बनाएको थियो ।

कोशीमा सत्ता गठबन्धनका तर्फबाट अन्यमा नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र नेकपा माओवादी केन्द्रबाट चम्पादेवी कार्की उम्मेदवार छन् । कोशीमा सत्ता गठबन्धनको मतभार पाँच हजरा चार सय ७४ छ भने बाँकी दलको कूल मतभार चार हजार ६ सय ६१ रहेको छ । राष्ट्रिय सभाका १९ सिटका लागि यही माघ ११ गते सातै प्रदेशमा निर्वाचन हुँदैछ ।

# आफ्नो खातामा सहकारीको पैसा जम्मा नभएको रविको दाबी




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो खातामा एक करोड ८० लाख रुपैयाँ जम्मा नभएको बताएका छन् । सोमबार पार्टी केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गर्दै सभापति लामिछानेले ग्लोबल आइएमई बैंकको आफ्नो बैंक खातामा पैसा नै जम्मा नभएको दाबी गरेका हुन् । ग्यालेक्सी फोर के टेलिभिजन छोडेपछि सो टेलिभिजनमा भएको आफ्नो १५ प्रतिशत शेयर बिक्रीवापत आफूले पैसा नलिएको उनको भनाइ छ । सहकारीको पैसा दुरुपयोग भएको भन्ने विषयमा विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारको लामिछानेले खण्डन गरेका छन् ।

गोर्खा मिडिया नेटवर्क अन्तर्गत सञ्चालित ग्यालेक्सी फोरके टेलिभिजनमा काम गर्दै गर्दा 'गुडविल शेयर'को अपेक्षा गरेको र गुडविल शेयरको प्रावधान नभएकाले त्यसलाई प्रणालीमा ल्याउनका लागि गरिएका बाहेक आफूले नलिएको उनको भनाइ थियो । बैंकको पत्र देखाउँदै उनले भने, 'सन् २०२२ जुन १७ मा एक करोड ८० लाख रुपैयाँको चेक मेरो खातामा क्रेडिट गरिएको तर उक्त चेक इलेक्ट्रिोनिक चेक क्लियरिङ (इसिसी)मार्फत चेक क्लियरिङमा पठाउँदा सो खातामा रकम पर्याप्त नभएको हुँदा सो रकम खातामा जम्मा नभएको बैंकले विवरण उपलब्ध गराएको छ ।' पत्रकार सम्मेलनमा पूर्व बैंकर एवम् रास्वपाका नेता अनिल केशरी शाहले पनि उक्त चेक क्लियरिङ नभएकाले उक्त चेकमा उल्लेखित रकम सभापति लामिछानेको खातामा जम्मा नभएको दाबी गरे । उनले यस्ता घटना बैंकिङ क्षेत्रमा भइरहने भन्दै यो कुनै नयाँ घटना नभएको समेत उल्लेख गरे ।

पत्रकार सम्मेलनमा आफूविरुद्ध लागेका आरोपहरुको प्रमाण संकलन गरिरहेको र कानुनी उपचारमा जाने तयारी गरेको भन्दै लामिछानेले जीबी राईलाई सरकारले किन पक्राउ गर्न सकेको छैन भनी प्रश्न समेत गरे ।

सहकारी ठगीका मुख्य आरोपी गितेन्द्रबाबु (जीबी) राईलाई सरकारले किन समाएन भनेर प्रश्न गर्दै उनले भने, 'पूर्व उपप्रधानमन्त्रीलाई समाउन सक्ने सरकारले जीबी राईलाई किन समाउन सक्दैन र ? एकजना जीबी राईलाई समाउन सक्दैन र ?' साथै लामिछानेले जीबी राईलाई पनि जहाँसुकै भएपनि सार्वजनिक भएर पीडितहरुको पैसा व्याजसहित तिर्न आग्रह गरे । लामिछानेले भने, 'कुन सम्पत्ति बेचेर फिर्ता गर्नुहुन्छ । मकै पोलेर जम्मा गरेकाहरुको पैसा जस्ताको तस्तै व्याजसहित संसारको जुन कुनामा भएपनि फिर्ता गर्नुहोस् ।' उनले सरकारसँग समेत सहकार्य गर्न अनुरोध गर्दै भने, 'आउनुहोस्, सार्वजनिक हुनुहोस् ।' त्यस्तै उनले सहकारी पीडितहरुलाई आफूले बारम्बार पीडितहरुको पैसा फिर्ताका लागि लडाई लड्ने बताएको भन्दै आफू लडिरहने बताए ।

# न्यायाधीश नियुक्तिबारे न्याय परिषद्ले दियो प्रस्टीकरण




**मधेशदृष्टि**
**वीरगंज ।**
न्याय परिषद्ले उच्च अदालतमा न्यायाधीश नियुक्तिको विषयमा भएको विवादबारे स्पष्टीकरण दिएको छ । न्याय परिषद् नियमावली, २०७४ को नियम ११ संशोधनप्रति कानुन व्यवसायीहरुको छाता संगठन नेपाल बार एशोसियसनले चरणबद्ध आन्दोलनसम्म गर्न सकिने चेतावनी दिएपछि न्याय परिषद्ले स्पष्टीकरण दिएको हो । सोमबार परिषद्का निमित्त सतिचव भद्रकाली पोखरेलले एक विज्ञप्ति जारी गर्दै नियमावली संशोधन गर्नुको कारण जानकारी गराएको हो । परिषद्का निमित्त सचिव भद्रकाली पोखरेलद्वारा जारी चार पृष्ठको १० बुँदामा लेखिएको प्रष्टीकरणमा न्याय सेवाका कर्मचारीको वृत्ति विकास पनि सुनिश्चित हुने र राम्रा कर्मचारीलाई न्याय सेवाका टिकाई राख्नका लागिसमेत नियमावलीमा संशोधन गरिएको उल्लेख गरिएको छ । प्रष्टीकरणको बुँदा नम्बर २ मा न्यायिक जनशक्ति व्यवस्थापनलाई न्यायोचित बनाउन पनि नियमावलीको नियम ११ संशोधन गरी मर्यादाक्रमका विषयमा स्पष्ट पारिएको उल्लेख छ । न्याय प्रशासनमा राम्रा कर्मचारी टिकाइराख्नसमेत आवश्यक भएकाले नियमावलीको कतिपय व्यवस्था संशोधन गरिएको न्याय परिषद्ले जनाएको छ । उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन २०७४ ले व्यवस्था गरेको प्रस्टीकरणमा उल्लेख छ । तार्किक र न्यायोचित रूपमा निर्धारण गरिएको वरिष्ठताक्रमको कारणबाट न्यायाधीशको सेवाका सर्तहरू प्रभावित नहुने भन्दै परिषदले यसलाई नियमित र स्वाभाविक न्यायिक व्यवस्थापनको आन्तरिक विषय भनेको छ । परिषद्ले यसअघि नियमावली संशोधन गर्दै मुख्य रजिष्ट्रार, रजिष्ट्रार र कर्मचारी तहबाट न्यायाधीश भएका व्यक्तिहरुको वरीयता माथिल्लो क्रममा आउने गरी नियमावली संशोधन गरेको थियो । उक्त नियमावलीले कानुन व्यवसायीबाट सिफारिस भएका न्यायाधीशहरु वरीयताक्रममा तल परेपछि आपत्ति जनाउँदै आएको छ । पछिल्लो समय उच्च अदालतको न्यायाधीश नियुक्तिमा पनि बारलाई वेवास्था गरेपछि कानुन व्यवसायीहरुले आन्दोलनको चेतावनी समेत दिएका थिए । उच्चमा न्यायाधीश सिफारिस गर्दा बारलाई बाइपास गरिएको बारको आरोप छ ।

# प्रधानमन्त्री कप क्रिकेटः बागमती र पुलिस विजयी



मधेशदृष्टि
काठमाडौं ।
प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता कर्णाली प्रदेशलाई ७ विकेटले पराजित गर्दै बागमती प्रदेश प्रतियोगिताको शीर्षस्थानमा उक्लिएको छ । मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा बागमतीले कर्णालीलाई ७ विकेटले हराएको हो । कर्णालीले प्रस्तुत गरेको ७९ रनको समान्य लक्ष्य बागमतीले १३ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो । बागमतीका लागि इशान पाण्डेले सर्वाधिक ४० रन जोडे । त्यस्तै रविन जोशीले अविजित १६ रन बनाए । आशुतोष घिरैयालाई नौ रन जोड्दा रित गौतमले आठ रन बनाए । कर्णालीका लागि तीनै विकेट दिवान पुनले लिए । यस जितसँग बागमतीले छ खेलमा चारमा जित तथा दुई हारसहित आठ अङ्क जोडेको छ । यसअघि बागमतीले मधेश प्रदेश, त्रिभुवन आर्मी क्लब र कोशी प्रदेशलाई हराएको थियो ।

त्यस्तै नेपाल पुलिस क्लब र एपिएफक्लबको भने बागमती पराजित भएको थियो ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले २४ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ७८ रनमा समेटिएको थियो । कर्णालीका लागि अर्जुन घर्तीले २३ र निश्चल रावलले १३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बागमतीका लागि रिजन ढकालले पाँच विकेट लिए भने इशान पाण्डेले दुई तथा प्रतिश जिसी, सूर्य तामाङ र विपिन आचार्यले समान एक÷एक विकेट लिए । यस हारसँगै कर्णाली पाँच खेलमा दुई जित र तीन हारसहित चार अङ्क जोड्दै अङ्क तालिकाको सातौँमा छ । यस्तै भैरहवाको सिद्धार्थ क्रिकेट स्टेडियममा भएको खेलमा नेपाल पुलिस क्लबले सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई ५८ रनले हराएको छ । पुलिसले दिएको एक सय ४६ रनको लक्ष्य पच्छ्याएको एपीएफ ३४ ओभरमा ८७ रन बनाउँदा अल आउट भयो । एपीएफका सन्दीप जोराले नट आउट २५ रन बनाए । पुलिसका ललित राजवंशीले ५ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको पुलिस ४१ ओभरमा १ सय ४५ रन बनाउँदा अल आउट भयो । पुलिसका दिलिप नाथले ४४ रन बनाए । एपीएफका भुवन कार्कीले ३ विकेट लिए । यो जितसँगै पुलिस ४ खेलमा ८ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । एपीएफ ४ अङ्कसहित छैटौँ स्थानमा छ ।

# पाकिस्तानमा २ करोड २६ लाख बालबालिका विद्यालय बाहिर



एएनआई
इस्लामाबाद ।
पाकिस्तान हाल विद्यालय बाहिरका बालबालिकाको सङ्कटसँग जुझिरहेको छ । विद्यालय बाहिरका बालबालिकाहरुको संख्यामा २ करोड २० लाखबाट २ करोड २६ लाख पुगेको द न्यूज इन्टरनेसनलले पाकिस्तान इन्स्टिच्युट अफ एजुकेसनको नयाँ प्रतिवेदनलाई उद्धृत गर्दै उल्लेख गरेको छ । पीआईईको पाकिस्तान शिक्षा तथ्याङ्क प्रतिवेदन सन् २०२१–२२ ले विद्यालय बाहिरका बालबालिकाहरुको सङ्ख्याको बारेमा आश्चर्यजनक खुलासा गरेको छ । सन् २०२१–२२ सम्म पाकिस्तानमा २ करोड ६० लाख बालबालिका विद्यालय बाहिर रहेका छन् । द न्युज इन्टरनेसनलका अनुसार विद्यालय जाने उमेर समूहका ३९ प्रतिशत बालबालिका हाल विद्यालय बाहिर छन् । जसले विश्वव्यापी शिक्षा सुनिश्चित गर्नमा निरन्तर चुनौती रहेको सङ्केत गर्दछ । बलुचिस्तानमा सबैभन्दा बढी ६५ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् । इस्लामाबाद राजधानी क्षेत्रले भने सबैभन्दा कम प्रतिशत समेटेको छ । प्रमुख प्रान्तहरूको तुलनामा खैबर पख्तुनख्वामा ३० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । सन् २०१६–१७ मा ४४ प्रतिशतबाट घटेर सन् २०२१–२२ मा ३९ प्रतिशतमा झरेको भए तापनि सोही अवधिमा यो २ करोड ६० लाख पुगेको छ । यो वृद्धि मुख्यतया जनसङ्ख्या वृद्धिदरले विद्यालय बाहिरका बालबालिकाहरू आएको कमीलाई पछाडि पारेको कारण हो । प्रतिवेदनले उच्च माध्यमिक तहमा सन् २०२१–२२ मा ६० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको पुष्टि गरेको छ । द न्युज इन्टरनेसनलले प्रतिवेदनको थप विश्लेषण गर्दाल उच्च, मध्य र प्राथमिक तहमा क्रमशः ४४ प्रतिशत, ३० प्रतिशत र ३६ प्रतिशत विद्यालय बाहिरको दर देखाएको छ । प्रतिवेदन अनुसार विद्यालय बाहिरका बच्चाहरूको ठूलो हिस्सा, १ करोड ७७ लाख प्राथमिक तहमा छ ।




मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्


# पुँजीगत खर्चभन्दा सरकारी ऋणको साँवाब्याज तिर्न दोब्बर खर्च




रासस
काठमाडौं ।
महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा पुँजीगत खर्च ४९ अर्ब २३ करोड ५८ लाख रुपैयाँ बराबर छ । यही अवधिमा सरकारी ऋणको साँवाब्याज तिर्न भने एक खर्ब १६ अर्ब ५८ करोड पाँच लाख रुपैयाँ बराबर खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा देखिन्छ । चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती छ महिना अवधिमा मात्र पुँजी निर्माण अर्थात् विकास निर्माणका काममा सरकारले खर्च गरेको खर्चभन्दा सार्वजनिक ऋणको साँवाब्याज तिर्न भएको खर्च ६७ अर्ब ३४ करोड ४७ लाख रुपैयाँले बढी हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा ५९ अर्ब ३७ करोड १६ लाख रुपैयाँ र ब्याज भुक्तानीमा ३४ अर्ब १९ करोड ४८ लाख रुपैयाँ बराबर खर्च भएको छ । आन्तरिक ऋणको साँवाब्याजमा मात्र खर्च भएको रकम ९३ अर्ब ५६ करोड ६४ लाख रुपैयाँ बराबर हो । त्यस्तै बाह्य ऋणको साँवाब्याज तिर्न छ महिनामा २३ अर्ब एक करोड ४१ लाख रुपैयाँ बराबर भुक्तानी भएको छ । सोमध्ये, बाह्य ऋणको साँवा भुक्तानीमा १८ अर्ब सात करोड ९८ लाख रुपैयाँ र ब्याज भुक्तानीमा चार अर्ब ९३ करोड ४३ लाख रुपैयाँ बराबर खर्च भएको छ ।

छ महिना अवधिमा सरकारले एक खर्ब ६२ अर्ब ५८ करोड ४९ लाख रुपैयाँ बराबर ऋण उठाएको छ । सोमध्ये एक खर्ब २८ अर्ब ३१ करोड रुपैयाँ बराबर आन्तरिक र ३४ अर्ब २७ करोड ४९ लाख रुपैयाँ बराबर बाह्य ऋण लिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

**ऋण बढ्यो तर अर्थतन्त्र बढेन**

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालको कुल सार्वजनिक ऋण २३ खर्ब ८४ अर्ब ४८ करोड ६० रुपैयाँ बराबर पुगेको छ । यसमध्ये आन्तरिक ऋण ११ खर्ब ९८ अर्ब चार करोड २२ लाख रुपैयाँ र बाह्य ऋण ११ खर्ब ८६ अर्ब ४४ करोड ३८ लाख रुपैयाँ बराबर छ । गत आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल सार्वजनिक ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड रुपैयाँ बराबर थियो । अर्थात् चालु आवको छ महिनामा मात्र ८५ अर्ब १३ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण थपिएको छ । पछिल्लो पाँच वर्षमा मात्रै सरकारी ऋण दोब्बर भएको छ । आव २०७५/७६ मा सरकारी ऋण १० खर्ब ४८ अर्ब १५ करोड रुपैयाँ बराबर थियो । यस्तो ऋण बर्सेनी बढेर आव २०७६/७७ मा १४ खर्ब ३३ अर्ब रुपैयाँ, आव २०७७/७८ मा १७ खर्ब ३७ अर्ब रुपैयाँ र आव २०७८/७९ मा २० खर्ब १३ अर्ब रुपैयाँ पुगेको थियो । यसरी सार्वजनिक ऋणको रकम बढ्दै जानु तर त्यस्तो ऋणले पुँजी निर्माण गर्न तथा समग्र जिडिपीको आकार बढाउन नसक्नु ठूलो समस्याका रुपमा देखिएको छ । सरकारले लिने आन्तरिक ऋण उत्पादन क्षेत्रमा लगानी हुन नसक्नु र बाह्य ऋण लिइएका विकास निर्माण आयोजनामा सम्पन्न गर्न ढिलाइ हुनु अहिलेको मुख्य समस्या रहेको पूर्व महालेखा नियन्त्रक एवं आर्थिक नीति विश्लेषक गोपीनाथ मैनाली बताउँछन् । 'आन्तरिक ऋण पुँजी निर्माणका क्षेत्रमा नभई साधारण प्रकृतिको खर्चमा गएको छ । पछिल्लो तीन÷चार वर्षयता आन्तरिक ऋण बढ्दै गएको छ तर पुँजी निर्माणमा खर्च भएको छैन । यो समस्या हो', मैनाली भन्छन्, 'ऋणको व्यवस्थापन लागत उच्च भयो । वैदेशिक ऋण लिएर खर्च भएका आयोजना विस्तार हुने सम्पन्न हुन सकेनन् । यसले पनि पुँजी निर्माणमा विलम्ब गर्यो ।'

आन्तरिक ऋण उत्पादनका क्षेत्रमा प्रयोग हुनुपर्नेमा उपभोगका क्षेत्रमा खर्च भइरहँदा एकातर्फ यसले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा न्यून योगदान गर्ने र अर्कोतर्फ दायित्व पनि थपिँदै जाने उनको भनाइ छ ।

समग्र अर्थतन्त्रको आकार बढ्दा सरकारको कमाउने क्षमता विस्तार हुने भएकाले सार्वजनिक ऋणलाई पुँजी निर्माणका क्षेत्रमा खर्च गर्ने र विकास आयोजना निर्माणको कामलाई सही ढङ्गले व्यवस्थापन गरिनुपर्ने मैनालीको सुझाव छ । आर्थिक गतिविधि विस्तार गरेर सरकारको थैली बढाउन सकिनेबारे सोच्नुपर्ने उनले बताए । सरकारको कमाउनसक्ने क्षमता अर्थात् राजस्व कम भएकै कारण घाटा बजेट पूर्ति गर्न सार्वजनिक ऋण लिइने गरिन्छ । त्यस्तै, निजी क्षेत्र र वैदेशिक लगानीकर्तालाई व्यवसाय गर्ने सहज वातावरण तयार गरेर पुँजी निर्माणका क्षेत्रमा लगानी गर्नसके अर्थतन्त्रको आकार पनि बढ्ने मैनाली बताउँछन् । चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले यो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता सार्वजनिक गरेको थियो । बजेट वक्तव्यको बुँदा नम्बरमा ४४ मा सरकारको खर्च गर्ने क्षमता वृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, आन्तरिक ऋणको रकम विकास कार्यमा खर्च गर्ने र सार्वजनिक ऋणको दिगोपना विश्लेषण गरी प्रतिफल आउने क्षेत्रमा परिचालन गरिने उल्लेख छ । सार्वजनिक ऋणमार्फत हुने खर्चको सही व्यवस्थापन र उपयोग गर्ने सरकारी नीति रहे पनि त्यसको प्रभावकारितामा भने गम्भीर प्रश्न देखिएको छ ।

**जिडिपीको तुलनामा सार्वजनिक ऋण ४४ प्रतिशत**

विकसित देशहरुले आफ्नो मुलुकको कुल गार्हस्थ्य उत्पादनको तुलनामा शतप्रतिशतभन्दा बढी पनि सार्वजनिक ऋण लिने गरेका छन् । आधारभूत मूल्यका आधारमा अहिले नेपालको जिडिपीको आकार ५३ खर्ब ८१ अर्ब ३४ करोड रुपैयाँ बराबर मान्दा जिडिपी अनुपातमा सार्वजनिक ऋण ४४ दशमलव ३१ प्रतिशत पुगिसकेको छ । जिडिपीको तुलनामा सार्वजनिक ऋणको आकार बढ्दै जानुलाई समस्या मान्नेभन्दा पनि त्यसको व्यवस्थापन र त्यसले अर्थतन्त्रको आकार बढाउन गरेको योगदानलाई विश्लेषण गरिनुपर्ने पूर्वमहालेखा नियन्त्रक मैनाली बताउँछन् । आव २०७५/७६ मा सार्वजनिक ऋणको आकार जिडिपीको तुलनामा ३० दशमलव २६ प्रतिशत बराबर थियो । यो अनुपात बर्सेनि बढेर आव २०७६/७७ मा ३८ दशमलव ०५, आव २०७७/७८ मा ४० दशमलव ७३ प्रतिशत, आव २०७८/७९ मा ४१ दशमलव ५० प्रतिशत र गत आव २०७९/८० सम्ममा पुग्दा ४२ दशमलव ७३ प्रतिशत पुगेको देखिन्छ ।

**गत वर्ष पनि विकास बजेट हाराहारीमै खर्च**

गत आव २०७९/८० मा सरकारी ऋणको साँवाब्याज तिर्न दुई खर्ब २२ अर्ब ७४ करोड २१ लाख रुपैयाँ बराबर खर्च गरेको थियो । गत आवको पुँजीगत खर्च सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भएको खर्चकै हाराहारीमा देखिन्छ । गत आवका लागि सरकारले पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख रुपैयाँ बराबर विनियोजन गरेकामा दुई खर्ब ३३ अर्ब ६९ करोड ५९ लाख रुपैयाँ बराबर खर्च भएको थियो । अधिकांश बाह्य ऋण लामो समयावधिको हुने भएकाले नै साँवाको दायित्व तिर्नुपर्ने अवस्था छैन । तर आन्तरिक ऋण छोटो समयावधिको हुने भएकाले साँवा र ब्याजको दायित्व चाँडै तिर्नुपर्ने हुन्छ ।

# जनता ठग्ने सहकारी सञ्चालकमाथि कारबाही हुन्छः गृहमन्त्री



रासस
काठमाडौं ।
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले वित्तीय अपराधलाई नियन्त्रणमा लिन कानुनी र संस्थागत प्रबन्ध गर्नु आवश्यक रहेको बताएका छन् । महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सोमबार आयोजित अपराध अनुसन्धान समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै उनले पछिल्लो समय वित्तीय अपराधको अनुसन्धानका निम्ति आवश्यक कानुनी र संस्थागत व्यवस्थाको प्रबन्ध गर्ने, प्रविधि र दक्ष जनशक्तिको विकास गरेर कारबाहीको दायरामा ल्याइने बताए । 'खर्बौंको 'डिलिङ' क्रिप्टोमार्फत भइरहेको सूचना छ, सरकारले त्यसलाई अवैध मानेको छ, हुण्डी र विदेशी मुद्राको कारोबार नयाँ ढङ्गले भइरहेको छ, प्रतीतपत्र (एलसी) खोल्नेमा नयाँ प्रवृत्ति देखिएको छ', उपप्रधानमन्त्री श्रेष्ठले भने, 'यसले अर्थतन्त्रमा नयाँ समस्या पैदा गरेको छ, ठूल्ठूला अपराधकर्ममा क्रिप्टोकरेन्सीको प्रयोग भइरहेको छ, हालैको सुन काण्डमा पनि क्रिप्टोको प्रयोग भएको देखिएको छ, यसलाई कुनै हालतमा नियन्त्रण गर्नुपर्छ ।' क्रिप्टोकरेन्सीको अनुसन्धान गर्न दक्ष जनशक्ति तयार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उनले यसका लागि कानुनी प्रावधानको कमी सरकारले महसुस गरेको बताए । उपप्रधानमन्त्री श्रेष्ठले सहकारी आफ्नो मूल मर्मबाट विचलित भएर वित्तीय संस्थाका रुपमा परिणत हुनुले समाजमा वित्तीय अपराध र ठगी बढ्दै गएको बताए । सहकारी ठगीलाई नियन्त्रण गर्न सरकारले कानुन निर्माण गर्ने तयारी गरेको उनको भनाइ छ । 'कानुन संशोधन गरेर सहकारीलाई पुनःपरिभाषित गर्ने र त्यस आधारमा सहकारी सञ्चालन गर्नुपर्छ, सहकारीलाई बैंक जस्ता संस्थाका रुपमा गतिविधि गर्न पाइँदैन', श्रेष्ठले भने, 'गठनआदेशद्वारा नियामक निकाय गठन, बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने तथा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई प्रभावकारी बनाउने सरकारको निर्णय छ ।' सहकारीका सञ्चालकले मनपरी गरेर बचतकर्तालाई ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको उल्लेख गर्दै उनले त्यस्ता सहकारीका कारोबारका बारेमा चाँडै अनुसन्धान थालिने बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले अपराध कर्म तथा ठगीमा संलग्न सहकारी सञ्चालकलाई कारबाही तथा बचतकर्तालाई न्याय दिने प्रक्रिया अघि बढेको बताए । 'सरकारले बचतकर्तालाई न्याय दिनेछ, सहकारीलाई अर्थतन्त्रको मेरुदण्डका रुपमा अघि बढाइनेछ' उनले भने ।

महान्यायाधिवक्ता डा दीनमणि पोखरेलले पछिल्ला दिनमा आर्थिक अपराधका शृङ्खला बढेको अवस्थामा यससम्बन्धी अपराधको अनुसन्धान गर्न विशिष्टकृत संरचना बनाउनुपर्ने बताए । उनले वैज्ञानिक, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणका आधारमा अनुसन्धान, अभियोजन र न्याय निरुपण हुने प्रणालीलाई थप बलियो बनाउनुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रहरीले आर्थिक अपराधको अनुसन्धान गर्न विशिष्टकृत ब्युरो स्थापनाका लागि गृहकार्य थालेको बताए । अपराध अनुसन्धानप्रति प्रहरी गम्भीर रहेको उल्लेख गर्दै उनले प्रविधिमैत्री अनुसन्धानलाई अगाडि बढाउन प्रहरी सङ्गठन प्रतिबद्ध रहेको बताए । काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले विद्युतीय अपराधले सिर्जना गरेका चुनौती समाना गर्न नेपाल प्रहरीको क्षमता अभिवृद्धि गरिनुपर्ने बताइन् । साइबर सुरक्षासम्बन्धी दक्ष जनशक्तिको विकास गर्नुपर्छ भनेर कामपाले छात्रवृत्तिमा तालिम दिन लागेको उनले जानकारी दिइन् ।

# जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
रामललाको प्राण प्रतिष्ठाको सम्झनामा अयोध्याको जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन गरिएको थियो । आइतबारदेखि जानकी सेनाका दर्जनौँ कार्यकर्ता दीप प्रज्वलनमा व्यस्त थिए । जानकी मन्दिरमा फूलको रंगोली बनाई सवा लाख दीप प्रज्वलन गरेपछि जानकी मन्दिरको दृष्य हेर्न लायक बनेको थियो भने नेपाल जनता पार्टी मधश प्रदेश अध्यक्ष शत्रुघ्न साहको नेतृत्वमा ५५ हजार दीप प्रज्वलन गरिएको थियो । राममन्दिर, राजदेवी मन्दिर, सुन्दर सदन, झुलनकुञ्ज, गायत्री पीठ, प्रजापिता ब्रह्मा कुमारीलगायत सबै मठ मन्दिरमा पनि ठूलो संख्यामा राम दीप प्रज्वलन गरिएको थियो । सबैजना अयोध्यामा रामप्रतिष्ठाको शुभ क्षणको प्रतिक्षामा थिए ।
एघार बजेपछि अचानक घाम लागेपछि सौन्दर्य झनै बढेको थियो । अयोध्याको प्राण प्रतिष्ठा हेर्नका लागि जानकी मन्दिरलगायत अन्य ठाउँमा लाइभको व्यवस्था गरिएको थियो । प्राणप्रतिष्ठापछि राघवेन्द्र साहको नेतृत्वमा दर्जनौँ हतियार बोकेर जय श्रीरामको नाराबाजी गर्दै जुलुस निकालिएको थियो भने नेपाल हिन्दू सम्राट, जानकी सेना, नेपाल जनता पार्टीलगायत दर्जनौं संघसंस्थाले झाँकीसहित ¥याली निकालेका थिए । साँझ जानकी मन्दिरमा आरती गरिएको थियो । सबै मठमन्दिरमा अखण्ड राम धुन, सुन्दरकाण्ड पाठ र भण्डारा आयोजना गरिएको छ । प्राणप्रतिष्ठाका अवसरमा बिहानदेखि नै जानकी मन्दिरमा भक्तजनको भीड लागेको थियो । शोभायात्रामा जनकपुरधामबाहिरका गाउँका झलक बाजासहित आएका थिए । जनकपुरधाम दिनभर राममय बनेको थियो ।

# आठ जिल्लामै अधिवेशन गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले मधेश प्रदेश कमिटी कार्यालय पदाधिकारीको बैठकले मधेशका आठ वटै जिल्ला कमिटीको जिल्ला परिषद् र जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ ।
जनकपुरधाममा बसेको बैठकले महोत्तरीको माघ २२ र २३, रौतहटको माघ २५ र २६, पर्साको माघ २८ र २९ गते र बाराको फागुन १२ र १३ गते जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ ।
सर्लाही, धनुषा, सिरहा र सप्तरीको जिल्ला अधिवेशन चैतको पहिलो हप्ताभित्र गरिसक्न जिल्ला कमिटीलाई निर्देशन दिएको एमाले मधेश प्रदेश कमिटीका सचिव मनोज पौडेलले बताए ।
बैठकले जिल्ला प्रतिनिधि परिषद्को बैठकसमेत तय गरेको छ । रौतहटको माघ १८, बाराको माघ २०, पर्साको माघ २१, सर्लाही र सिरहाको फागुन ५ र धनुषा तथा सप्तरीको फागुन ७ गते जिल्ला प्रतिनिधि परिषद्को बैठक गर्ने निर्णय गरिएको छ ।
बैठकले प्रदेश अधिवेशनका बखत नवीकरण भई केन्द्रबाट प्रमाणीकरण भएर आएका सदस्यबाट नै जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णयसमेत गरेको सचिव पौडेलले बताए । बैठकले चिसो र शितलहरबाट मधेश प्रदेशका नागरिकहरू पीडित बनेको हुनाले चिसोका कारण कठ्यांग्रिएर मृत्यु भएको समाचार आइरहेको हुनाले तत्काल न्यानो कपडा, आगो ताप्ने दाउरा र राहतको व्यवस्था गर्न स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग माग गरेको छ ।
नेकपा एमाले मधेश प्रदेश कमिटीका अध्यक्ष चण्डेश्वर मण्डलको अध्यक्षतामा भएको बैठकमा केन्द्रीय सचिव तथा मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, पोलिटब्युरो सदस्यहरू पुरुषोत्तम पौडेल, सुमनराज प्याकुरेल, लीलानाथ श्रेष्ठ, ज्वालाकुमारी साह ,अच्युत मैनाली र केन्द्रीय सदस्य सरोज यादवसहित जिल्ला अध्यक्षहरूको उपस्थिति थियो ।

# मुहान सुक्दै जानु चिन्ताको विषय...



काठमाडौँमा रहेका ऐतिहासिक ढुङ्गेधारा सम्पदा, सभ्यता र संस्कृतिका लागि संरक्षण गर्नुपर्नेछ । ढुङ्गेधारमा रातिको समयमा सबै पानी खेर गइरहेको छ । यसको व्यवस्थापनको पाटो महत्वपूर्ण रहेकाले पानीको समुचित प्रयोग गर्न निर्देशनसहितको कार्यायोजना अघि बढाइएको छ । ढुङ्गेधारको पानी सङ्कलन गर्न ट्याङ्की बनाउने र त्यसबाट एक–घर, एक–धाराको कार्यक्रममा जोड्ने भन्ने छ । अहिले एक–एक थोपा पानीको महत्व छ । पछिल्लो समय जलवायु परिवर्तनबाट नेपालमा विभिन्न खाले सङ्कट सिर्जना भएको छ । हिमाल पग्लिरहेको छ, पानीका मुहान सुकिरहेका छन् । नदी र खोलामा पानीको बहाव घटेको छ । तराईमा पनि पानीको सतह निकै तल गएको छ । यी र यस्ता सवाललाई सम्बोधन गरी कसरी अघि बढ्ने भन्ने अहिलेको चिन्ता र चिन्तनको विषय हो ।

**खानेपानी तथा सरसफाइका क्षेत्रमा उठिरहेका विषयवस्तु र निजी क्षेत्रबाट भइरहेको खानेपानी वितरण कार्यलाई कसरी हेरिएको छ ?**

सरसफाइका कार्यक्रमलाई व्यवस्थितरुपले अघि बढाउने विषयमा समिति बनाइएको छ । विगतमा यसैको नेतृत्वमा देशभर खुला दिसामुक्त बनाइएको थियो । नेपाल सरकारको शुद्ध खानेपानी उपलब्ध गराउने लक्ष्यअनुरुप खानेपानीका क्षेत्रमा कार्यरत संस्थाले प्रभावकारी काम गर्नुपर्छ भन्ने मान्यता अघि सारिएको छ । नेपालमा मानव स्वास्थ्यका लागि घातक मानिएको आर्सेनिकको समस्या धेरै छ । उपत्यकाका तीन र तराईका २१ जिल्लाका जनता यसबाट प्रभावित छन् । सन् २००८ बाट सुरु गरिएको आर्सेनिक परीक्षण कार्य अहिले कपिलवस्तुमा भइरहेको छ । आर्सेनिक नआउने गरी तलसम्म पाइप धसाएर स्वच्छ पानी निकाल्न सरकारी संस्थालाई निर्देशन भएको छ । कोकाकोला, पेप्सीलगायतका पेयपदार्थ उत्पादन गर्ने कम्पनीले धेरै पानीको प्रयोग गर्छन् । तर उनीहरुले सामाजिक दायित्वअन्तर्गत सेवाका क्षेत्रमा भने काम गरेको देखिन्न । त्यस्ता उद्योगलाई पनि एउटा निश्चित दायरामा ल्याउन कोसिस भइरहेको छ ।

**सरकारले स्वच्छ पानी उपलब्ध गराउने सन्दर्भमा कुनै विशेष योजना र कार्यक्रमसम्बन्धी सोच अघि बढाएको छ ?**

खानेपानीको महसुल चार वर्षदेखि नयाँ निर्धारण हुन सकेको थिएन । हामी आएपछि महसुल निर्धारण आयोग गठन गरियो । ऐन भए पनि संस्थाका कर्मचारीको हकहित र सेवासम्बन्धी विनियमावली लामो समयदेखि थिएन, त्यो सल्टायौँ । यस्ता पुराना कार्य धेरै गरियो । राष्ट्रियस्तरमा पानीको स्थिति जेजस्तो छ, समस्या समाधान गर्ने हेतुले पूर्व र पश्चिम गरी देशका १२ नगरपालिकामा विस्तृत अध्ययन गरिरहेका छौँ ।

नेपाल सरकारको लगानीमा भइरहेको त्यो कार्य पूरा भएपछि शुद्ध पानीका लागि दातृ निकायसँग छलफल गरी स्थानीय तहसँगको सहकार्यमा बोर्ड बनाएर काम गर्ने सोच छ । पालिकामार्फत गराउँदा संरक्षण र सञ्चालनको उत्तरदायित्व पनि उसैलाई हुनेछ । पानीका क्षेत्रमा कार्यरत धेरै गैरसरकारी संस्थालाई पनि बोर्डको अवधारणामा ल्याइएको छ । सरकारको नीतिलाई सबैले कार्यान्वयन गर्दै पानी र सरसफाइका क्षेत्रमा देखिएका चुनौतीको समाधान गर्नुपर्छ ।

**सबै जनतामा स्वच्छ तथा आधारभूत खानेपानी पुर्याउने सरकारको लक्ष्यमा केकस्ता चुनौती देखिएको छ ?**

शुद्ध पानी र स्वच्छ पानीमा नेपाली जनताको पहुँच २५ प्रतिशत छ भने आधारभूत खानेपानीको सेवा ९५ प्रतिशत छ । सबै नागरिकलाई आधारभूत खानेपानीको सेवाको पहुुँच पुर्याइ गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै लगिने विषय चालु आवको बजेट वक्तव्यमा उल्लेख छ । काठमाडौँ उपत्यका र तराई मधेसमा ठूलो समस्याका रुपमा देखिएको आर्सेनिक पानीलाई शुद्धीकरण गर्र्ने कार्य अघि बढिरहेको छ ।

**शुद्ध र स्वच्छ पानी वितरणको लक्ष्य कहिलेसम्ममा पूरा हुन्छ भन्ने लाग्छ ?**

सन् २०३० सम्ममा सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानी पुर्याउने लक्ष्य निर्धारण गरिएको छ । त्यसका लागि यथेष्ट बजेट आवश्यक छ । आवश्यकताका हिसाबले त्यस बेलासम्म स्वच्छ पानी पुर्याउन भरमग्दुर प्रयास छ । खानेपानी वितरण र ट्याङ्की निर्माणको ढाँचा बदल्नुपर्ने देखिएको छ । एक–घर, एक–धाराको अवधारणाअनुसार वडा तहमा साना–साना आयोजना र ट्याङ्की निर्माण गर्नुपर्छ ताकि जनताले त्यसको संरक्षण, सञ्चालन र मर्मतसम्भार आफैँले गर्नु सकून् । निर्माण कार्य पूरा हुनासाथ खानेपानी योजना जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरिने छ । आर्सेनिक भएको होइन, अब ट्याङ्कीमा चढाएर धारामार्फत वितरण हुने खानेपानी वितरण गर्न स्थानीय तहलाई बजेट दिइनुपर्छ । त्यसका लागि आमूल परिवर्तनतर्फ  सोचिरहेका छौँ । अब आउने कार्यक्रम त्यसरी जाने छ ।

**काठमाडौँ उपत्यकामा दीर्घकालीन खानेपानी समस्या समाधान तथा मेलम्चीको पानी बाह्रै महिना सुनिश्चित कसरी गर्न सकिन्छ ?**

राष्ट्रिय गौरवको आयोजना मेलम्चीको दुईवटा समस्या छ । लामो  समय लगाएर निर्माण गरिएको आयोजनाको प्राकृतिक हिसाबले बाढी र पहिरोका कारण मुहान ४५ फिट पुरिएको छ । विगतको लागत अनुमान र अहिलेको फरक छ । पहिला याङ्ग्री, लार्के र मेलम्ची खोलालाई एउटै ठाउँमा मिसाएर पानी ल्याउने योजना थियो । पछिल्लो घटनाले बेग्लाबेग्लै मुहान र सुरुङ बनाएर मूल प्रणालीमा ल्याउने भन्ने छ । त्यसलाई अलि बढी समय लाग्छ । अहिले जस्तो अवस्थामा छ, स्थायी नभई अस्थायीरुपमा पानी ल्याइएको छ । स्थायी प्रकृतिको संरचना बनाउन सडकको पहुँच विस्तार आवश्यक छ ।
काठमाडौँमा जबसम्म दैनिकरुपमा ५१ करोड लिटर पानी उपलब्ध हुन्न, तबसम्म यहाँ पानीको समस्या समाधान हुन्न । यद्यपि जनतालाई बाह्रै महिना पानी उपलब्ध गराउने हाम्रो योजना छ ।
अहिलेको यथार्थ  भनेको बर्सात लागेपछि मेलम्ची बन्द हुन्छ, खोला धमिलो रहुञ्जेल पानी आउन्न । यो साझा समस्या हो । नगरपालिका यसको शेयर होल्डर हो । काठमाडौँवासीले पानीका लागि गरिरहेको धर्यताप्रति आभार व्यक्त गर्छु । आयोजना सरकारको पूर्ण स्वामित्वमा छैन, कम्पनी ऐनअन्तर्गत समिति गठन भएको छ । आयोजनाको अब पुनर्संरचना गर्न सकिएन भने दिगोरुपमा पानी ल्याउन सकिन्न । मेलम्चीको पानी यहाँका जनताको सपना हो । बर्सातमा बाग्मतीको खेर जाने दैनिक थप पाँच करोड लिटर पानी हालको प्रणालीमा ल्याउन बोलपत्र भएको छ । वातावरण प्रभाव मूल्याङ्कन र रोयल्टीका कुराले भने केही अल्झन खडा गरेको छ । यो सेवामुलक कार्य हो । असार, साउन र भदौ तीन महिना ढुङ्गेधारा, बाग्मती र अरु स्रोत एवं सहायक नदीबाट गरी दैनिक ११ करोड पानी ल्याउन भगिरथ प्रयासमा छौँ ।

**मेलम्चीलाई दिगो बनाउने कार्यले कति समय लिन्छ र कति खर्च लाग्छ ?**

परियोजनाको विस्तृत अध्ययन सर्भे यसअघि नै गरिएको छ । अर्को संरचना सुरुङका लागि एशियाली विकास बैकले नै ऋण सहयोग दिनुपर्छ । सबै संरचना सुरुङबाटै अघि बढाउनुपर्ने भएकाले करिब ११ किमी सुरुङ खन्नुपर्छ । केही ढिला भए पनि काठमाडौँ उपत्यकावासीले दिगोरुपमा मेलम्चीको पानी पाउँछन् । सरकारले छिट्टै स्वेतपत्र जारी गर्दैछ । पानीका स्थानीय स्रोत काठमाडौ उपत्यकाका वरिपरि धेरै छन् । यहाँका पानीको स्रोत भएका स्थानीय तहसँग छलफल भइरहेको छ । सरकारले ढुङ्गेधाराको पानी व्यवस्थापन र स्थानीय स्रोतको सदुपयोगको सुनिश्चितता गर्छ । एकीकृत योजना बनाएर अघि बढेको खण्डमा यहाँका जनतालाई पानीको खासै कुनै समस्या पर्दैन ।

**एक घर एक धाराको अभियान कहिलेसम्म पूरा हुन्छ ?**

पानीको ट्याङ्की रहेका सहरी इलाकामा प्रायः घरघरमै धारा जडान भएकै छ । सबै ठाउँमा थोपाथोपा पानीको महत्व पनि बुझेको अवस्था छ । अब पानीको पनि फजुल खर्च हुन दिन हुन्न । सन् २०३० सम्ममा 'एक–घर एक–धारा' तथा 'स्वच्छ र शुद्ध पानी'को नारा कार्यान्वयन गर्ने लक्ष्य छ । खानेपानीको समस्या बढेपछि व्यक्तिले धारा खोज्न थालेका हुन् । तराई–मधेशमा धारा जडान गर्ने चलन थिएन । पानीको समस्या बढेपछि त्यहाँ पनि धाराको माग आएको छ । जनताले पनि अब धाराको पानी खाँदा स्वास्थ्यमा धेरै ठूलो सकारात्मक असर पर्छ भन्ने बुझ्न थालेका छन् । विज्ञानले पनि भनेको छ, तातोपानी नै खानुपर्छ, स्वच्छ पानी खायो भने रोग पनि कम लाग्छ ।

**भूकम्पले पानीको स्रोत खल्बल्याएर कतिपय ठाउँमा अभाव सिर्जना भयो भनिएको छ, यो के हो ?**

सतह घट्नुको मुख्य कारण हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर नै हो । मेलम्चीको असर पनि जलवायु परिवर्तनको असरसँग जोडिएको छ । पानीको सतह घट्नु वनजङ्गलको विनास र रिचार्जको व्यवस्थापन नहुनु हो । नेपालमा धेरै धाप छन् । पानीको मुल भएका ठाउँमा सुख्खा बनाउने किसिमका बोटविरुवा रोप्न हुन्न भन्ने छ । चुरेको संरक्षमा जोड दिनुपर्छ । चुरे भनेको तराई मधेशको जीवनरेखा हो । अहिलेको अवस्था कायम रहने हो भने आगामी ५० वर्षमा तराई मरुभूमि हुन्छ । चुरेमा ठूला–ठूला पोखरी बनाउनुपर्छ । नेपालका नदीको सञ्जाल बनाउनुपर्छ । भौगोलिक, वातावरणीय अवस्था विश्लेषण गर्न कमिटी गठन गरिएको छ । सुनकोशी मरिन डाइभर्सन, भेरी र गँडाकोटमा खानेपानीका लागि प्रशोधन गर्ने काम अघि बढिरहेको छ । ती नदी तथा खोलाबाट खानेपानी आपूर्ति गर्न अध्ययन भइरहेको छ । मौलिक हकका रुपमा रहेको सबैभन्दा सङ्कटमा परेको खानेपानी खुवाउन र डोकामा पानी बोकेर हिँड्नुपर्ने अवस्था अन्त्य गर्न प्रतिबद्ध छ ।

**खानेपानी चुहावटको अवस्था र त्यसको व्यवस्थापनमा केकस्ता प्रयास भइरहेका छन् ?**

काठमाडौँ उपत्यकालगायतका सहरमा धेरै पुराना खानेपानीका पाइप भएकाले सडक, विद्युत्, ढल निर्माण कार्य हुँदा ठक्कर लागेर तोडफोड र क्षति हुने गरेको छ । हामीकहाँ विकास निर्माणका एकीकृत व्यवस्था छैन । अब सरकारले एकीकृत बनाएर मात्र गर्नुपर्छ । यसअघि परीक्षण थिएन, अब सुरु गरिएको छ । पानी चुहावट नियन्त्रणका लागि मोबाइल टिम बनाइएको छ । व्यवस्थापनका कमीले पनि चुहावट हुन्छ । पानीमा स्थानीय तहलाई नियन्त्रण, सन्तुलन र व्यवस्थापनको जिम्मेवारी दिन गृहकार्य भइरहेको छ । अनिमात्र सुधार गर्न सकिन्छ ।

**मेलम्ची खानेपानी आयोजना उद्घाटन र पानी वितरण शुभारम्भ धेरै पटक भयो भन्ने आरोप छ ?**

प्रधानमन्त्रीको एक वर्षे कार्यकालको प्रगति समीक्षामा २८ दिनभित्र काठमाडौँमा मेलम्ची खानेपानी वितरण गरिने भन्ने उल्लेख भएकामा निर्धारित समयभन्दा तीन दिन पहिले नै ल्याउन सफल भएकाले उहाँबाटै पुनः वितरणको कार्य गरौँ भन्ने भएको हो । राष्ट्रिय गौरवको योजना भएकाले मेलम्चीको पूर्णरुपमा निर्माण कार्य नहुँदासम्म काठमाडौँबासीले धैर्य राख्न पर्ने देखिन्छ ।
त्यो नहुँदासम्म ढुङ्गेधारालगायतका स्थानीय स्रोतको व्यवस्थापन गरी बाह्रै महिना काठमाडौँका जनतालाई पानी उपलब्ध गराउने प्रयास जारी छ । यसमा हामी सफल हुने छौँ, विश्वास दिलाउन चाहन्छौँ कि मेलम्चीको पानी नआउँदा पनि स्थानीय स्रोतको ठीक व्यवस्थापन गरी बाह्रै महिना आवश्यक पानी उपलब्ध गराउने प्रतिबद्धता दिलाउन चाहन्छु । रासस



**सवालाख दीप प्रज्ज्वलनः** *भारत, अयोध्यास्थित राम मन्दिरमा प्राणप्रतिष्ठाका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा सवा लाख दीप प्रज्ज्वलन । तस्बिरः वीरेन्द्र रमण र मिश्रीलाल मधुकर*



**रामजानकी मन्दिरमा प्राणप्रतिष्ठाः** *भारत, अयोध्यामा नवनिर्मित श्रीराममन्दिरको प्राण प्रतिष्ठाको मुहुर्त पारेर वीरगंजमा पनि दशकौँदेखि भूमाफियाले कब्जा गरेको घडिअर्वा पोखरी परिसर नजिकै रहेको रामजानकी मन्दिरमा प्राणप्रतिष्ठा गरिएको छ ।*

# कृषि क्षेत्रको विकासमा सरकारले सहयोग गर्छः अर्थमन्त्री



**मधेशदृष्टि**
**बारा ।**
अर्थमन्त्री डा. प्रकाश शरण महतले मुलुकको अर्थतन्त्र सुदृढ बन्दै गएको हुँदा चिन्ता गर्ने अवस्था नरहेको बताएका छन् । बाराको महागढिमाई नगरपालिका कार्यालयको प्रशासनिक भवनको सोमबार समुद्घाटन गर्दै अर्थमन्त्री डा.महतले बारा जिल्ला कृषिको हब भएको हुँदा व्यवसायीक कृषि क्षेत्रको विकासका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले उद्योग व्यवसाय तथा कृषि क्षेत्रमा बारा जिल्लाको महत्वपूर्ण योगदान रहेको बताउदै वीरगंज पथलैया औद्योगिक करिडोरका उद्योगहरुको संरक्षण र प्रबद्र्धन गर्ने कार्यमा सरकार पछि नहटने दाबी समेत गरे । महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवम् सांसद अजय चौरसिया, प्रदेश सभा सदस्य श्याम पटेल लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

यसअघि सोमबार अर्थमन्त्री डा.प्रकाशशरण महतले बाराको सिम्रौनगढ स्थित छोटी भन्सार नाकाको स्थलगत अवलोकन र निरीक्षण गरेका छन् । निरीक्षण पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्र्दै उनले सीमा क्षेत्रबाट हुने गरेको तस्करी नियन्त्रणका लागि राज्यका सबै संयन्त्र एकिकृत ढंगले लाग्नु पर्नेमा जोड दिए । उनले जनतालाई धेरै भन्दा धेरै सुविधा दिने र राजश्व बढाउने लक्ष्यका साथ सरकार अगाडी बढेको बताए ।

अर्थमन्त्री महतले जनताको साथ र सहयोगबाट मात्रै सीमा क्षेत्रबाट हुने चोरी तस्करी नियन्त्रण हुने बताए । उनले स्थानीय जनताको माग र आवश्यकतालाई पूरा गर्ने हिसाबले सिम्रौनगढ नाकालाई व्यवस्थित बनाउन सरकार लागेको बताउदै अब सिम्रौनगढमा भन्सार सम्बन्धी पूर्वाधारहरु निर्माण गरिने समेत बताए । अर्थमन्त्री डा.महतले नेपाल–भारत सीमालाई व्यवस्थित गर्न स्थानीय पालिकाको भूमिका महत्वपूर्ण हुने बताउदै दैनिक उपभोग्य सामानको आयातलाई व्यवस्थित गर्दै तस्करी नियन्त्रणमा स्थानीय तहको भूमिका समेत महत्वपूर्ण हुने औंल्याए । सीमा क्षेत्रबाट हुने चोरी तस्करी र अपराध नियन्त्रणका लागि सरकारले भारतसँग पनि कुरा गरिरहेको जानकारी गराउँदै दुई देशको समन्वयबाट सीमा क्षेत्रबाट हुने अवैध क्रियाकलाप नियन्त्रण गर्न सकिने दाबी गरे ।

# नेशनल ईन्फोटेक क्रिकेट कपः वीरगंज पब्लिकको जीतसँगै सेमिफाइनल समिकरण पूरा




**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल ईन्फोटेक क्रिकेट कपमा नेशनल एकेडेमीलाई पराजित गर्दै वीरगंज पब्लिक कलेज (बिपिसी) सेमीफाइनलमा प्रवेश गरेको छ । योसँगै प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । आयोजक नेशनल ईन्फोटेक, ग्लोबल बिजनेस, हेटौंडा स्कूलसँगै वीरगंज पब्लिक कलेज सेमिफनइनलमा प्रवेश गरेका छन् । नारायणी क्रिकेट रंगशालामा सम्पन्न सोमाबारको खेलमा नेशनल एकेडेमीलाई ६९ रनले पराजित गर्दै बिपिसीले सेमीफाइनलमा स्थान बनाएको हो । टस जितेर पहिले ब्याटिङ् गरेको बिपिसीले १९.५ ओभरमा सबै विकेट गुमाएर १३९ रनको बनाएको थियो । उसका लागि अफजल अन्सारीले सर्वाधिक २५ रन बनाए । जडुबंशी बैठाले २३ रनको योगदान गरे भने सक्षम खड्काले १९ रन जोडे । नेशनल एकेडेमीका शनि कुमार कलवारले ३.५ ओभरमा २३ रन दिएर ४ विकेट लिए । त्यसैगरी बिरेन्द्र साह कानुले ४ ओभरमा २१ खर्चेर ३ विकेट हात पारे । १४० रनको लक्ष्य पछ्याउन ब्याटिङ्ग उत्रिएको नेशनल एकेडेमीले १३.२ ओभरमा मात्र ७० रन जोड्दा अलआउट भयो । बिपिसीका अफ्सर हुसैन, जडुबंशी बैठा, बाल्मिकी राउत कुर्मी र राहुल बैठाले समान २ विकेट लिए । प्रतियोगीतामा जडुबंशी बैठा प्लेयर अफ दी म्याच घोषित भए । लिग चरणका खेलहरु सकिएसँगै बुधवार र बिहीबार सेमिफाइनलका खेल हुनेछ । बुधबार ११ बजेदेखि हुने पहिलो सेमिफाइनल खेलमा आयोजक नेशनल ईन्फोटेक र हेटौडा स्कूलबीच प्रतिस्पर्धा हुनेछ भने बिहीबार बिपिसी र ग्लोबल बिजनेस कलेज आमनेसामने हुनेछन् । नेशनल ईन्फोटेक र ग्लोबल समूह ‘ए’ बाट शीर्ष स्थानमा रहँदै सेमीफाइनलमा पुगेका हुन् भने हेटौंडा र बिपिसी समूह ‘बी’ का शीर्ष दुई टोली हुन् । सेमिफाइनलमा विजयी हुने टोलीबीच माघ १३ शनिबार फाइनल खेल हुनेछ । प्रतियोगितामा १० वटा स्कूल तथा कलेजको सहभागिता छ ।

# मुहान सुक्दै जानु चिन्ताको विषय हो

*‘एक–घर, एक–धाराको अवधारणाअनुसार वडा तहमा साना–साना आयोजना र ट्याङ्की निर्माण गर्नुपर्छ ताकि जनताले त्यसको संरक्षण, सञ्चालन र मर्मतसम्भार आफैँले गर्नु सकून् । आर्सेनिक भएको होइन, अब ट्याङ्कीमा चढाएर धारामार्फत वितरण हुने खानेपानी वितरण गर्न स्थानीय तहलाई बजेट दिइनुपर्छ ।’*

***महिन्द्र राय यादव, खानेपानीमन्त्री***



*खानेपानीमन्त्री महिन्द्र राय यादवले बर्सातमा मेलम्चीको अभावमा पनि बागमतीसहितका खोलानाला र ढुङ्गेधारामा खेर गइरहेको पानीको अधिकतम सदुपयोग गरी राजधानीवासीलाई बाह्रै महिना खानेपानी उपलब्ध गराइने प्रतिबद्धता जनाएका छन् । उनले राष्ट्रिय गौरवको आयोजना मेलम्चीको पानी हाललाई बाह्रै महिना आपूर्ति गर्न नसकिने भएकाले ढुङ्गेधारासहितका अन्य वैकल्पिक स्रोतको अधिकतम प्रयोग गरी उपत्यकावासीलाई खानेपानी उपलब्ध गराउन सरकार क्रियाशील रहेको बताए । मन्त्री यादवले भने, ‘अहिले देशभर स्वच्छमा २५ प्रतिशत र आधारभूत खानेपानीमा ९५ प्रतिशत जनताको पहुँच पुगेको छ । राजधानीवासीलाई बर्सातमा मेलम्चीको विकल्पमा ढुङ्गेधारा र अरु स्रोतबाट राति खेर गइरहेको पानीको व्यवस्थापन र समुचित प्रयोगका लागि सरकारले गृहकार्य गरिरहेको छ ।’*

**मन्त्रालयको जिम्मेवारी सम्हालेपछि खानेपानीका क्षेत्रमा के कस्ता सुधारका कार्यक्रम अघि बढे, यस क्षेत्रमा समस्या के देख्नुभयो ?**

मन्त्रालयको जिम्मेवारी लिँदा चालु आर्थिक वर्षको बजेटमा समावेश गर्ने कार्यक्रम छनोट अन्तिम चरणमा थियो । अघिल्ला वर्षको तुलनामा यस वर्ष २५ प्रतिशत बजेट कटौती भयो । बजेट नीतिगत, विकास निर्माण र जलवायुका परिवर्तनबाट देखिएका समस्यामा केन्द्रित गरियो । नीतिगतमा राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता नीति, प्रशोधित फोहरपानी उत्सर्जन मापदण्ड, मेलम्ची खानेपानी विकास समिति गठन, २० बुँदे प्रतिबद्धता घोषणासहितका काम भए । सरसफाइ नियमावली निर्माणको चरणमा छ । नियमावली आएपछि राष्ट्रिय कार्यक्रम गर्छौं । प्रधानमन्त्रीको अध्यक्षतामा निर्देशन समिति छ ।

त्यसले ‘स्वच्छ नेपालः स्वच्छ नेपाली’ भन्ने नारा तय गरेको छ । राष्ट्रिय गौरवको आयोजना मेलम्चीको बोर्डमार्फत काम अघि बढिरहेको छ । बजेट कार्यान्वयन कार्ययोजनाअनुसार माघभित्र मुलुकका सबै आयोजनाको ठेक्का प्रक्रिया गरिसक्नुपर्नेछ । त्यसमा सहमतिका लागि अहिले अर्थ मन्त्रालय पठाइएको छ । त्यो प्राप्त हुनासाथ टेण्डर प्रक्रियामा जान्छन् ।

**खानेपानीका क्षेत्रमा विशेष महत्वका नयाँ कार्यक्रम अघि बढाउन सकियो ?**

यसबीचमा दुई÷तीनवटा विषय नयाँ भए । तराईमा पानीको सतह घटेर निकै समस्या आएपछि इन्जिनियर टोली खटाएर अध्ययन गर्न लगाइयो । देशभरका दुई सय ६० वटा खानेपानी जम्मा गर्ने ठूला ट्याङ्कीको मर्मतसम्भारमा जोड दिइयो । जनतालाई सुलभ मूल्यमा खानेपानी आपूर्ति गर्न र राहत दिन विद्युत् महसुलमा लाग्दै आएको शुल्क घटाउने निर्णय भयो । यी कार्यक्रमसँग जोडेर अर्थ मन्त्रालयसँग तीन अर्ब रुपैयाँ माग गरिएको छ । देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ । गणतन्त्रमा पनि धेरै जनता अझै डोकोमा पानी बोकिरहेका छन् । त्यसको अन्त्य गर्नु हाम्रो प्राथमिक दायित्व हो । त्यो अन्त्य गर्न यस वर्ष गण्डकी प्रदेशका लागि बजेट माग गरिएको छ । डोकाबाट पानी बोकेर ल्याउँदा महिलामा आङ खस्ने समस्या हुन्छ । त्यसबाट मुक्ति दिलाउन सरकारले ‘एक घरः एक धारा’को नीति अघि बढाएको छ । दिगो विकासको लक्ष्य प्राप्ति गर्न राज्यले शुद्ध, स्वच्छ र दिगो खानेपानीका कार्यक्रम अघि बढाइरहेको छ । यस अवधिमा नयाँसँगै पुराना समस्या पहिचान गरी सम्बोधन गर्न विभिन्न कार्यक्रम गरिएको छ । खानेपानीको क्षेत्रमा एउटा अनौठो समस्या छ । धारामा पानी होइन, आँगनमा शुल्कको बिल छिटो पुग्ने गरेको छ । यो समस्या निराकरण गर्न बनाइएको समितिले दिने प्रतिवेदनका आधारमा आगामी ठोस पहल गरिने छ ।

**ढुङ्गेधारको पानी व्यवस्थापन र जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीलाई कसरी हेर्नुभएको छ ?**

बाँकी पृष्ठ ७ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन